छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक १७९ • २०७९ साल मंसिर ८ गते विहीबार (24 November, Thursday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा वोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मधेशमा राउतको भारी जित, कांग्रेसको अग्रता

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको सप्तरी जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट मधेश आन्दोलनका प्रणेता उपेन्द्र यादवलाई भारी मतान्तरले पराजितगर्दै जनमत पार्टीका अध्यक्ष सी के राउत विजयी भएका छन् ।

राउतले ३५ हजार ४२ मत ल्याएर विजयी भएका छन् । उनका प्रतिद्वन्दी जसपाका अध्यक्ष यादवले १६ हजार ९ सय ७९ मत ल्याए । सत्तारुढ गठबन्धनका उम्मेदवार जयप्रकाश ठाकुरले भने ७ हजार ३ सय ४४ मत ल्याए । यादव सो क्षेत्रबाट यस अघि प्रतिनिधि सभामा निर्वाचित भएका थिए । ठाकुरले २०७४ सालको आमनिर्वाचनमा पाएको भन्दा ३ हजार कम मत ल्याएका छन् । सो चुनावमा उनी स्वतन्त्र उम्मेदवार थिए ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर भने महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ मा पछाडि छन् । उनका निकटतम् प्रतिद्वन्दी स्वतन्त्र उम्मेदवार रामअधार कापर रहेका छन् ।

मधेश प्रदेशको निरन्तर मुख्यमन्त्री रहेका मो.लालबाबु राउत गद्दी पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को 'ख' बाट ७ हजार ५ सय ४५ मत ल्याइ विजयी भएका छन् । उनका निकट्तम् प्रतिद्वन्दी कांग्रेसका प्रत्याशी रामनारायण कुर्मीले ६ हजार २ सय १२ मत ल्याएका थिए । जसपाकै प्रदीप यादवले सो क्षेत्रबाट २२ हजार ५ सय ३७ मत ल्याइ प्रतिनिधि सभा सदस्यमा पुनःनिर्वाचित भएका छन् । उनका निकटतम् प्रतिद्वन्दी स्वतन्त्र उम्मेदवार अजय द्विवेदीले २० हजार ९ सय १७ मत प्राप्त गरे ।



सप्तरी निर्वाचन क्षेत्र नं २ को प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएको प्रमाण पत्र लिँदै जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउत । *तस्बिर : रासस*



प्रदिप यादव  किसान श्रेष्ठ  अजय चौरसिया  रमेश रिजाल

मधेश प्रदेशको ३२ वटा प्रतिनिधि सभा सदस्य मध्ये नेपाली कांग्रेसले २ स्थानमा जित हासिल गरिसकेको छ । प्रतिनिधि सभा सदस्यको ८ स्थानमा अगाडि रहेको छ । त्यसैगरी प्रदेश सभामा ९ स्थानमा अगाडि रहेको छ । प्रदेशमा ३ स्थानमा कांग्रेसले जित हासिल गरिसकेको छ ।

त्यसैगरी नेकपा एमालेले प्रतिनिधि सभाको ६ स्थानमा अगाडि रहेको छ । प्रदेश सभामा एमालेले ९ स्थानमा अग्रता लिएको छ ।

जसपाले एक स्थानमा जित हासिल गरिसकेको छ । प्रतिनिधि सभाको ४ स्थानमा अगाडि रहेको छ । मतगणनाको पछिल्लो परिणाम अनुसार पर्सा जिल्लामा जसपाले एउटा क्षेत्रमा जित हात पारेको छ । प्रदेशको ९ स्थानमा अग्रता लिएको छ ।

त्यसैगरी लोसपा प्रतिनिधि सभा सदस्यको ३ स्थानमा अगाडि रहेको छ । प्रदेश सभातर्फ ३ स्थानमा जित हासिल गरिसकेको छ । अन्य ३ स्थानमा अगाडि रहेको छ । लोसपाबाट पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को प्रतिनिधि सभा सदस्यका उम्मेदवार लक्ष्मणलाल कर्णले जमानत जोगाउन असफल भएका छन् । उनी पाँच दलीय गठबन्धनबाट उम्मेदवार थिए ।

माओवादी केन्द्र प्रतिनिधि सभा सदस्यको २ स्थानमा अगाडि रहेको छ । प्रदेश सभामा ५ स्थानमा अगाडि रहेको छ । त्यसैगरी नेकपा एसले प्रतिनिधि सभा सदस्यमा १ स्थानमा जित हासिल गरेको र १ स्थानमा अगाडि रहेको छ । एसका अध्यक्ष माधवकुमार नेपाल रौतहट जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ बाट अगाडि रहेका छन् । त्यसैगरी नेकपा एसबाट प्रदेश सभामा सर्लाहीबाट बेची लुंगेलीले जित हासिल गरेकी छन् । प्रदेश सभाको ३ स्थानमा एसका उम्मेदवार अगाडि छन् ।

जनमत पार्टीबाट प्रतिनिधि सभामा अध्यक्ष राउत जितेका छन् । प्रदेश सभामा ३ स्थान जितेको जनमतका ३ जना उम्मेदवार अगाडि रहेका छन् ।

प्रतिनिधि सभा सदस्य पदमा मधेश प्रदेशबाट २ जना स्वतन्त्र उम्मेदवारले अग्रता लिएका छन् । त्यस मध्ये रौतहट जिल्लाबाट प्रभु साह पनि अगाडि रहेका छन् । प्रदेश सभामा पर्सा क्षेत्र नम्बर ३ को क बाट प्रमोद जयसवाल निर्वाचित भएका छन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।

विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ मंसिर ८ गते सम्म

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हास्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






## चुनावी परिणाम २०७९

| दल | जित | अग्रता |
|---|---|---|
| नेपाली काँग्रेस | ४ | ८ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १ | ९ |
| जनमत पार्टी | ३ | ३ |
| जनता समाजवादी पार्टी | १ | ८ |
| लोकतान्त्रिक समाजवादी पार्टी | ३ | ३ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३ | ५ |
| नेकपा एकीकृत समाजवादी | १ | ३ |
| स्वतन्त्र | १ | ४ |
| जम्मा | १७ | ४३ |

**नोट** : मधेश प्रदेशको प्रदेशसभामा पार्टीहरुले पछिल्लो मत परिणाम अनुसार जितेको सीट संख्या र अग्रता कायम गरेको विवरण। यसमा गणना सुरु हुन बाँकी रहेको चार स्थानको विवरण समावेश गरिएको छैन्।

# पाइलै पिच्छे विभेद

**टुडे समाचारदाता**

जनकपुरधाम । यौनिक तथा लैगिंक अल्पसंख्यक (एलजीबीटीआई)लाई पाइलै पिच्छे विभेदको सामना गर्नु परेको छ। घरका सदस्य, समाज र राज्यले उनीहरुसंग विभेद गरिरहेका छन्। बिहीबार पत्रकार सम्मेलनमा उनीहरुले राज्यले नागरिकता वितरणमा, समलिंगि विवाहलाई वैधता नदिँदा र अंशको हकमा विभेद गरिरहेको बताए ।




कार्यक्रममा समाजले उनीहरुलाई घृणाको दृष्टिकोणले हेरिरहेको र अहिले पनि स्वीकार नगरेको नील हिरा समाज धनुषाका पूर्व अध्यक्ष प्रदीप यादवले बताए। मधेश प्रदेशमा यौनिक तथा लैगिंक अल्पसंख्यक ६ हजार भन्दा बढी भए पनि पछि परेको उनले उल्लेख गरे। समाज र राज्यले अझै यौनिक तथा अल्पसंख्यक समुदायलाई रोग भनेर पञ्छिने गरेको उनले बताए।

# सप्तरी २ बाट राउत विजयी

**टुडे समाचारदाता**

राजविराज । सप्तरी क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यको निर्वाचनमा जनमत पार्टीका अध्यक्ष डा. सिके राउत फराकिलो मतान्तरले विजयी भएका छन्।

मतगणनामा सुरुवातदेखि नै अग्रता लिएका राउतले ३५ हजार ४२ मत प्राप्त गरी १८ हजार ६३ मतान्तरले विजयी भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय सप्तरीले जनाएको छ। उनका निकटतम प्रतिद्वन्द्वी जसपाका अध्यक्ष उपेन्द्र यादवले १६ हजार नौ सय ७९ मत ल्याएका छन्।

सत्ता गठबन्धनको समर्थनमा उम्मेदवार बनेका लोसपाका जयप्रकाश ठाकुरले सात हजार तीन सय ४७ मत प्राप्त गरेका छन्। सप्तरी-२ मा ६७ दशमलव ९७ प्रतिशत अर्थात् ६४ हजार पाँच सय ६० मतदान भएको थियो।

जसमा ६० हजार नौ सय २१ मत सदर भएको छ भने तीन हजार दुई सय ९८ मत बदर भएको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिए ।गत निर्वाचनमा यादवले यसै क्षेत्रबाट २१ हजार सात सय २० मत ल्याएर प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए।

सप्तरी-२ को दुबै प्रदेशसभा सदस्यमासमेत जनमत पार्टीका सतिशकुमार सिंह र महेशप्रसाद यादव विजयी भएका छन्।

हालसम्म सार्वजनिक सप्तरीको तीन वटै प्रदेशसभा सदस्यमा जनमत पार्टीले जित निकालेका छन् । प्रदेशसभा सप्तरी-२ को दुबै सदस्यबाहेक जनमत पार्टीले सप्तरी ३ (२) मा पनि ४८ मतान्तरले जित हासिल गरेका छन्।

जनता समाजवादी पार्टीका निवर्तमान प्रदेशसभा सदस्य विदेश्वरप्रसाद यादव विकीलाई पराजित गर्दै जनमत पार्टीका इञ्जिनियर शम्भुकुमार साह ३ (२) बाट प्रदेशसभा सदस्यमा विजयी भएका छन्।

सप्तरीको बाँकी प्रदेशसभा सदस्यमा थप दुई वटामा जनमत पार्टीका उम्मेदवारले अग्रता लिएका छन् । जनमत पार्टीकोतर्फबाट सप्तरीको १ (१) मा सकिलमियाँले पाँच हजार तीन सय ५९ मतका साथ र ३ (१) मा रामप्रसाद मण्डलले छ हजार पाँच सय ३४ मतका साथ अग्रता लिएका छन्।

नेकपा (एमाले) का राजकुमार लेखीले सप्तरी १ (१) मा तीन हजार दुई सय ५१ मत, नेकपा (एस) गोविन्दबहादुर न्यौपानले ४ (१) मा चार हजार नौ सय ७४ मत र स्वतन्त्रबाट अनिरुद्धकुमार सिंह यादवले ४ (२) मा दुई हजार छ हजार ६८ मतका साथ अग्रता कायम गरेका छन्।
प्रतिनिधिसभातर्फ कांग्रेसबाट सप्तरी-३ मा दिनेशकुमार यादव र ४ मा तेजुलाल चौधरी, सप्तरी-१ मा जसपाका नवलकिशोर साह अग्रस्थानमा छन्।

विजय भएपछि डा. राउतले प्रतिक्रिया दिदै जिल्लामा शिक्षा, स्वास्थ्य र रोजगारीको प्रमुख समस्या रहेको बताउँदै आफूले जिम्मेवारी सम्हालेपछि यी समस्या समाधानतर्फ प्रमुखताका साथ काम गर्ने बताए। उनले जिल्लालाई छिट्टै पूर्ण साक्षर बनाइने बताए।

# पर्सा ४ मा रिजाल निर्वाचित

**टुडे समाचारदाता**

पर्सा । पर्साको निर्वाचन क्षेत्र नम्बर ४ मा कांग्रेसका रमेश रिजाल निर्वाचित भएका छन्।

रिजालले एमालेका जालिम मियाँलाई ५ हजार ५ सय २३ मतले पराजित गरेका छन् । रिजालले ३१ हजार १ सय ४२ मत पाउँदा मियाँले २५ हजार ६ सय १९ मत ल्याए।



जनमतका अजयकुमार यादव ७०९ र राप्रपाका अवधेशप्रसाद गौरो ६१३ मत पाएका छन्।

# चौधरी विजयी

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको क्षेत्र नम्बर ४ (क) बाट नेपाली कांग्रेसका शंकर प्रसाद चौधरी निर्वाचित भएका छन्। ५ दलीय सत्ता गठबन्धनको समर्थन पाएका चौधरीले निकटम प्रतिद्वन्दी नेकपा एमालेका जयप्रकाश थारुलाई पराजित गर्दै निर्वाचित भएका छन्।

यही क्षेत्रका निवर्तमान प्रदेशसभा सदस्यसमेत रहेका चौधरी पुनः दोहोरिएका छन्। उनले संविधानसभा सदस्यसमेत रहेका नेकपा एमाले पर्साका अध्यक्ष २ हजार ३४ मतले थारुलाई पराजित गरेका छन्।

चौधरीले ११ हजार ५ सय ८५ मत ल्याएर निर्वाचित हुँदा थारुले ९ हजार ५ सय ५१ मत प्राप्त गरेका छन् । योसँगै पर्सा जिल्लामा २ वटा प्रदेश सभा कांग्रेसले हात पारेको छ । यसअघि पर्साको क्षेत्र नम्बर २ (क) मा नेपाली कांग्रेसकै श्याम पटेल निर्वाचित भइसकेका छन्।

# पशुपतिमा नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्ख हेर्नेको भीड

काठमाण्डु । पशुपतिनाथको भण्डारमा रहेको बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्ख हेर्न वुधवार बिहान पशुपति क्षेत्रमा सर्वसाधारणको भीड लागेको छ।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण औँसीका दिन सर्वसाधारणले हेर्नका लागि एक वर्षका लागि सुरक्षितसाथ राखिने छ भनी देखाउन यी सामग्री प्रदर्शन गर्ने परम्परा रहेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । यसैगरी मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन वर्षभर सुरक्षित राखिएको छ भनेर बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्ख सर्वसाधारणलाई देखाउने गरिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो।

यसवर्ष त्रयोदशीका दिन सोमबार सर्वसाधारणका लागि गतवर्ष पशुपतिनाथको भण्डारमा रहेका यि बहुमूल्य सामग्री सुरक्षित छ भनी प्रदर्शन गरिएको थियो। वुधवार भने अब अर्को एक वर्षलाई यी सामग्री सुरक्षितसाथ राखिन्छ भनी देखाउन लागिएको कोषले जनाएको छ।

बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्खलाई मार्गशीर्ष कृष्ण औँसीका दिन वुधवारै भण्डारको तेस्रो तलामा राख्ने कार्यक्रम रहेको छ। राख्नुअघि अर्थात् बिहान १० बजे अघि पशुपतिनाथमा बाला चतुर्दशीका दिन मेलामा आएका भक्तजनका लागि सुरक्षित छ भनी यी सामग्री देखाउने गरिएको हो।

बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्ख प्रत्येक महिना पशुपतिका भण्डारीको पालो परिवर्तनका बेला कोष, प्रहरीलगायत सरोकार भएका निकायका रोहवरमा पालोवालालाई बुझाउने गरिन्छ।

भण्डारी परिवर्तन हुँदा भने यी सामग्री भण्डारभित्र नै रोहवरमा राख्ने परम्परा रही आएको छ। बालाचतुर्दशी मेला भर्न देशका विभिन्न भागबाट आएका भक्तजनले यी सामग्री हेरेर फर्कने गरेका छन् ।रासस

# सिन्धुली-२ (१) मा कांग्रेसका क्षेत्र विजयी

सिन्धुली। सिन्धुली-२ (१) मा नेपाली कांग्रेसका छेत्रबहादुर बम्जन विजयी हुनुभएको छ।

गठबन्धनका तर्फबाट कांग्रेसका उम्मेदवार बम्जनले नेकपा (एमाले)का विनोदकुमार खड्कालाई पाँच हजार दुई सय तीन मतान्तारले पछि पार्दै प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो।

बम्जनले १६ हजार आठ सय ३५, खड्काले ११ हजार छ सय ३३ मत प्राप्त गर्नुभएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेशविक्रम बस्नेत क्षेत्रीले १८ हजार आठ, मङ्गोल नेशनल अर्गनाइजेशनका वोजनकुमार वललले दुई सय १६, नेपाल मजदुर किसान पार्टीका सङ्गीता दुवालले एक सय ३५ मत प्राप्त गर्नुभएको छ ।रासस

# महोत्तरीका चार निर्वाचन क्षेत्रमा को अगाडि ?

महोत्तरी। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ को मतगणना महोत्तरीमा जारी छ। सुस्त गतिमा बढेको मतगणनाको पछिल्लो विवरणअनुसार तीन क्षेत्रमा सत्ता गठबन्धन र एक क्षेत्रमा नेकपा (एमाले)का उम्मेदवारले प्रतिनिधिसभामा अग्रता लिनुभएको छ।

जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय जलेश्वरका अनुसार प्रतिनिधिसभा क्षेत्र नं १ मा नेकपा (एमाले)का लक्ष्मी महतोले पाँच हजार दुई सय ९३ मतसहित अग्रता लिनुभएको छ। यहाँ नेकपा माओवादी केन्द्रका गिरिराजमणि पोखरेल चार हजार चार सय ४० मतसहित महतोलाई पछ्याई रहनुभएको छ।

क्षेत्र नं २ मा लोसपाका शरतसिंह भण्डारीले पाँच हजार नौ सय ६३ मतले अग्रता लिनुभएको छ। यो क्षेत्रमा एमालेका डा रामपरीक्षण यादवले दुई हजार सात सय ३५ मतले पछ्याइरहनुभएको छ।

क्षेत्र नं ३ मा पनि लोसपाका अध्यक्ष महन्थ ठाकुर चार हजार ६ सय ७४ मतका साथ अग्रता लिइरहनुभएको छ। यहाँ स्वतन्त्र उम्मेदवार रामआधार कापरले चार हजार तीन सय ७७ मत प्राप्त गर्नुभएको छ।

क्षेत्र नं ४ मा नेपाली कांग्रेसका महेन्द्रकुमार राय चार हजार आठ सय नौ मतका साथ अघि हुनुहुन्छ। यस क्षेत्रमा जसपाका डा सुरेन्द्रकुमार यादव दुई हजार तीन सय ५३ मतका साथ रायलाई पछ्याइरहनुभएको छ।

# समानुपातिकतर्फ एमाले अगाडि

काठमाण्डु। प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता देखिएको छ। वुधवार अपराह्न ५:३० बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार एमालेले दुई लाख ५४ हजार दुई मत प्राप्त गरेको छ।

नेपाली कांग्रेसले दुई लाख ३० हजार तीन सय ७०, राष्ट्रिय स्वतन्त्र पार्टी नेपालले एक लाख २० हजार चार सय १७, नेकपा (माओवादी केन्द्र) ले एक लाख पाँच हजार एक सय ९१, राष्ट्रिय प्रजातन्त्र पार्टीले ६२ हजार एक सय ५१, नेपाल मजदुर किसान पार्टीले २० हजार एक सय ५७, जनता समाजवादी पार्टी नेपालले १९ हजार आठ सय ५०, जनमत पार्टीले १८ हजार ४७, नागरिक उन्मुक्ति पार्टीले १२ हजार छ सय २७ र नेकपा (एकीकृत समाजवादी) पार्टीले १४ हजार पाँच सय आठ मत प्राप्त गरेको छ।

प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले ६३ हजार आठ सय ४०, कांग्रेसले ५७ हजार दुई सय ६२, माओवादी केन्द्रले २४ हजार दुई सय ९१, राष्ट्रिय प्रजातन्त्र पार्टीले १९ हजार चार सय ८४ र जनता समाजवादी पार्टी, नेपालले नौ हजार तीन सय २९ मत प्राप्त गरेका छन्।

मधेस प्रदेशमा कांग्रेसले १५ हजार सात सय २९, एमालेले १३ हजार नौ सय ५८, जनमत पार्टीले ११ हजार नौ सय १७, जनता समाजवादी पार्टी नेपालले छ हजार नौ सय १३ र माओवादी केन्द्रले चार हजार आठ सय नौ मत प्राप्त गरेको छ।

बागमती प्रदेशमा एमालेले ३२ हजार तीन सय ५२, कांग्रेसले ३० हजार तीन सय छ, राष्ट्रिय प्रजातन्त्र पार्टीले १७ हजार सात सय ८१, माओवादी केन्द्रले १५ हजार छ सय ११ र नेपाल मजदुर किसान पार्टीले १५ हजार दुई सय ५५ मत प्राप्त गरेका छन्।

गण्डकीमा एमालेले ६६ हजार चार सय ७०, कांग्रेसले ५२ हजार चार सय ७०, माओवादी केन्द्रले २३ हजार एक सय ५२, राष्ट्रिय प्रजातन्त्र पार्टीले १२ हजार दुई सय ६७ र नेकपा (एकीकृत समाजवादी) पाँच हजार तीन सय ४० मत प्राप्त गरेको छ।

लुम्बिनी प्रदेशमा एमालेले ८२ हजार तीन सय ७३, कांग्रेसले ६५ हजार छ सय ३१, माओवादी केन्द्रले २२ हजार छ सय ७०, राप्रपाले १७ हजार दुई सय ४४, नागरिक उन्मुक्ति पार्टीले सात हजार चार सय ६५ मत प्राप्त गरेको छ।

कर्णालीमा माओवादीले छ हजार आठ सय ५१, एमालेले तीन हजार चार सय ५३, कांग्रेसले दुई हजार दुई सय ६६, राप्रपाले पाँच सय ५९ र नेपाल मजदुर किसान पार्टी पाँच सय ३५ मत प्राप्त गरेको छ । सुदूरपश्चिम प्रदेशसभाको समानुपातिकतर्फको मत आयोगको प्रणालीमा प्रविष्ट हुन सकेको छैन ।रासस

# सिन्धुली-२ (२) मा माओवादीका गङ्गा विजयी

सिन्धुली। सिन्धुली-२ (२) मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का गङ्गानारायण श्रेष्ठविजयी हुनुभएको छ।

वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट माओवादी केन्द्रका उम्मेदवार श्रेष्ठले नेकपा (एमाले)का रामकुमार पौडेललाई तीन हजार दुई सय १२ मतान्तारले पछि पार्दै बागमती प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो। श्रेष्ठले १३ हजार एक, पौडेलले नौ हजार सात ८९ मत प्राप्त गर्नुभएको छ।

मङ्गोल नेशनल अर्गनाइजेशनका तुलसी राईले दुई सय ५१, राष्ट्रिय प्रजातन्त्र पार्टीका टलकबहादुर कार्कीले एक सय ७७, जनसमाजवादी पार्टी नेपालका हेमन्त पुलामीले ७१, नेपाल मजदुर किसान पार्टीका लक्ष्मण ग्वाछाले ३१ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

# परिपक्वतातर्फ परिणत भएको निर्वाचन : पर्यवेक्षण संस्थाहरु

काठमाण्डु। पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको यस पटकको निर्वाचनले लोकतन्त्र सुदृढीकरणको अर्को चरणमा प्रवेश गरेको अनुभूत भएको बताउनुभएको छ।

आम निर्वाचन पर्यवेक्षण समिति (जियोक), राष्ट्रिय निर्वाचन पर्यवेक्षण समति (नियोक) र दि एसिएन नेटवर्क फर फ्रि इलेक्सन(एनफ्रेल)द्वारा गरिएको पर्यवेक्षण प्रारम्भिक प्रतिवेदन सार्वजनिक कार्यक्रमा उहाँले राजनीतिक दल र उम्मेदवारबीच निर्वाचनको संस्कार स्थापित हुँदै गएको उल्लेख गर्नुभयो।

पूर्वसचिव पोखरेलले भन्नुभयो,"समयमै निर्वाचन भई सत्ता हस्तान्तरण हुनु भनेका लोकतन्त्र सुदृढ हुनु हो। निर्वाचनको प्रक्रिया परिपक्वतातर्फ परिणत भएको छ, हामी चाहन्छौँ आगामी दिनमा पर्यवेक्षणसमेत गर्न नपर्ने दिशातर्फ उन्मुख होस् ।' नियोगका अध्यक्ष प्रा कपिल श्रेष्ठले निर्वाचनमा मतदाता परिपक्व र राजनीतिक दल एवं उम्मेदवारमा आचारसंहिता पालनामा सचेत र दृढ रहेको पाइएको बताउनुभयो।

उहाँले भन्नुभयो, "निर्वाचनको परिणाम अचम्म, रमाइलो र शिक्षाप्रद रहेको छ। निर्वाचनमा आयोगको व्यवस्थापन प्रभावकारी रहेको देखियो ।' जियोकका महासचिव कृष्णमान प्रधानले आमरुपमा निर्वाचन स्वच्छ, स्वतन्त्र र शान्तिपूर्ण वातावरणमा भएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो निर्वाचनलाई धेरै हदसम्म सन्तोषजनक र सकारात्मकरुपमा लिएका छौँ । निर्वाचनले हाम्रो लोकतान्त्रिक व्यवस्थालाई थप परिपक्व, सुदृढ, सवल र गतिशील बनाउन योगदान पुऱ्याउने छ।'

एनफ्रेलले निर्वाचन सुरक्षा, चुनावी वातावरण, मतदाताको पहुँच र सहभागितामूलक मतदान केन्द्र, मतदाता शिक्षा, मतगणना कार्यले स्वच्छ र स्वतन्त्र निर्वाचनको झल्को दिएको जनाएको छ।

निर्वाचन पर्यवेक्षणमा रहेका ती संस्थाले विगतका तुलनामा दल, उम्मेदवार र मतदाताको व्यवहार संयमित, सहयोगात्मक र शान्त रहेको पाइएको प्रतिवेदनमा उल्लेख गरेको छन् ।रासस

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको युनियन लाइफ इन्स्योरेन्स कम्पनी लि.को विमा लेख मिति २०७९/२/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : रीता कुमारी साह**
**विमालेख नं.:२३२००००४६**
**ठेगाना: सखुवा महेन्द्रनगर-१, धनुषा**
**मो.नं.९८२७८६२६३०**

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : धन बृद्धि सञ्चय। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पर्सा निर्वाचन क्षेत्र नं. १ बाट प्रतिनिधी सभा सदस्यमा जनता समाजवादी पार्टीका तर्फबाट उम्मेदवार प्रदीप यादव बुधबार निर्वाचित भएपछि वीरगन्जमा विजय र्‍यालीको क्रममा । *तस्बिर : रासस*



सप्तरी निर्वाचन क्षेत्र नं २ को प्रतिनिधि सभा सदस्यमा निर्वाचित जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउत सोही पार्टीबाट प्रदेश सभामा विजयी सतिशकुमार सिंह र महेशप्रसाद यादव बुधबार राजविराजमा आयोजित विजयी र्‍यालीमा । *तस्बिर : रासस*

# दोस्रो प्रयासमा भण्डारीलाई सफलता

दमौली । विसं २०७४ को निर्वाचनमा तनहुँ क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार बन्नुभएका नेपाली कांग्रेसका नेता शङ्कर भण्डारी तत्कालीन वाम गठबन्धनका उम्मेदवार केदार सिग्देलसँग पराजित हुनुभएको थियो ।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को गठबन्धनका उम्मेदवार सिग्देलसँग भण्डारी तीन हजार दुई सय ७९ मतान्तरले पराजित हुनुभएको थियो । एमालेका सिग्देलले ३२ हजार नौ सय २४ मत प्राप्त गर्दा भण्डारीले २९ हजार छ सय ४५ मत प्राप्त गर्नुभएको थियो ।

पूर्व वनमन्त्री रहनुभएका भण्डारीले दोस्रो प्रयासमा सोही क्षेत्रको प्रतिनिधिसभा सदस्यमा जित हासिल गर्नुभएको छ । वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार भण्डारीले ३० हजार छ सय चार मत प्राप्त गरी विजयी हुनुभएको हो ।

वुधवार बिहान सम्पन्न मतगणनाअनुसार भण्डारीले प्रतिस्पर्धी नेकपा (एमाले)का किरण गुरुङलाई पाँच हजार चार सय ७४ को मतान्तरले पराजित गर्नुभयो । गुरुङले २५ हजार एक सय ३० मत प्राप्त गर्नुभएको क्षेत्र नं २ निर्वाचन कार्यालयका निर्वाचन अधिकृत गोविन्द उपाध्यायले बताउनुभयो । निर्वाचनमा ६८ हजार एक सय ७३ मत खसेको थियो ।

विसं २०२५ जेठ १० गते साविक पुर्कोट गाविस हाल भानु नगरपालिका-८ मा जन्मिनुभएका भण्डारी ठूलो दाई छत्रराज भण्डारीको प्रेरणाबाट विद्यार्थीकालदेखि नै



नेपाल विद्यार्थी सङ्घमा आबद्ध हुनुभएको थियो । विसं २०३६ को विद्यार्थी आन्दोलनमा सक्रियरूपमा सहभागी हुनुभएका भण्डारीले विसं २०४० मा एसएलसी उत्तीर्ण गरेपछि उच्च शिक्षाका लागि राजधानी जानुभएको थियो ।

विद्यार्थी राजनीतिमा सक्रियरूपमा सहभागी हुने क्रममा भण्डारी लौहपुरुष गणेशमान सिंहको नेतृत्वमा भएको जनआन्दोलनमा सहभागी हुनुभएको थियो । पार्टीको काममा सक्रिय रहेको अवस्थामा नै विसं २०४६ मा भण्डारी २ ९ दिन प्रहरी नियन्त्रणमा रहनुभएको थियो ।

नेविसङ्घको राजनीतिमा सक्रिय हुने क्रममा विसं २०४८ मा त्रिचन्द्र क्याम्पसमा नेविसङ्घको क्याम्पस एकाइ सभापति र २०४९ मा स्ववियु सभापति बन्न सफल भण्डारी विसं २०५३ देखि भने पार्टी राजनीतिमा सक्रिय हुनुभएको थियो ।

भण्डारी विसं २०५३ मा महाधिवेशन प्रतिनिधि बन्न सफल हुनुभयो । साथै भण्डारीले बालकृष्ण खाणको नेतृत्वमा गठन भएको तरुण दलको केन्द्रीय सदस्यको जिम्मेवारी सम्हाल्नुभयो । युवाहरूमाझ लोकप्रिय भण्डारी चितवनमा भएको तरुण दलको महाधिवशेनमा अध्यक्षका लागि चुनावी प्रतिस्पर्धामा उत्रनु भए पनि झिनो मतले पराजित हुनुभयो ।

पार्टीको १२औँ महाधिवेशनमा केन्द्रीय सदस्यमा निर्वाचित भण्डारीले दुईपटक तरुण विभागको जिम्मेवारी सम्हाल्नुभयो । विसं २०७० को संविधानसभा निर्वाचनमा तनहुँ क्षेत्र नं १ बाट निर्वाचित भण्डारीले वन तथा भू-संरक्षणमन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएको छ । पार्टीको १३औँ र १४औँ महाधिवेशनबाट पनि भण्डारी केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो ।

भण्डारीले आगामी पाँच वर्षमा यस क्षेत्रको विकासका लागि सबै प्रकारका पूर्वाधार तयार पार्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । "हामीसँग विशाल फाँटहरू छन्, त्यहाँ बाह्रैमास सिँचाइ सुविधा पुर्‍याएर कृषिमा कम्तीमा आत्मनिर्भर बन्ने, उपयोगमा नआई खाली रहेका जमिनमा फलफूल, तरकारी, जडीबुटीलगायत कृषि उत्पादन वृद्धि गरी निर्यातसमेत गर्न पहल गरिनेछ", भण्डारीले भन्नुभयो ।

आवश्यक विकासका पूर्वाधारहरू पहिचान गर्दै समन्वय र सहकार्यबाट विकास गरी यस क्षेत्रलाई नमूना बनाउन पहल गरिने भण्डारीले बताउनुभयो । "यस क्षेत्रमा सुविधासम्पन्न अस्पताल स्थापना गर्ने, यस क्षेत्रलाई तराईसँग जोड्ने द्रुतमार्ग निर्माण गर्ने, भिमादबाट पूर्व पश्चिम राजमार्ग जोड्ने सुरुङमार्गको सम्भाव्यता अध्ययन, औद्योगिक क्षेत्र स्थापना गर्न मेरो पहल रहनेछ", उहाँले भन्नुभयो ।

वर्षौंदेखि ओझेलमा परेका यहाँका विकासका मुद्दालाई स्थापित गराउने बताउँदै भण्डारीले आउने नेतृत्वलाई सहज हुने गरी आवश्यक सबै पूर्वाधार यही कार्यकालमा पूरा गर्ने बताउनुभयो ।रासस

# धनुषामा एमाले गठबन्धननै अगाडि

**टुडे समाचारदाता**

जनकपुरधाम । आइतवार सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतपरिणाम आउने क्रम जारी छ । यो समाचार तयार पार्दा सम्म धनुषाका ४ वटै प्रतिनिधिसभा र ८ वटा प्रदेशसभाको आधा भन्दा बढी मतगणना भई सकेको छ ।

धनुषाका निर्वाचन क्षेत्र नम्वर ३ को (ख) र ४ को (ख) को मतगणना शुरु नभएको अवस्था छ । तर धनुषाका प्रतिनिधिसभाहरु मध्यये दुई वटा निर्वाचन क्षेत्र १ र २ र ३ मा एमाले गठबन्धन अगाडि देखिएको छ भने निर्वाचन क्षेत्र नम्वर ४ मा कांग्रेस गठबन्धन अगाडि भएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्वर १ को प्रतिनिभिसभा सदस्यकालागि जसपावाट दिपककुमार कार्की ६४६० मत सहित अग्र स्थानमा देखिएको छ भने माओवादी केन्द्रका मातृका प्रसाद यादव ३९३८ मत सहित दोस्रो र राष्ट्रिय प्रजातन्त्र पार्टीका मनोजकुमार मल्ल ३०१९ मत ल्याएर तेस्रो स्थानमा रहेका छन् ।

त्यस्तै प्रदेशसभा (क) तर्फ जसपाका सुकेश्वर यादव ३६३५ मत सहित अग्र स्थानमा छन् भने नेपाली कांग्रेसका संजयकुमार महतो ३५८५ सहित दोस्रो र राप्रपाका परशुराम कुमार २२७६ मत सहित तेस्रो स्थानमा रहेका छन् । प्रदेशसभा (ख) तर्फ एमालेका रामचन्द्र मण्डल ४७७६ मत सहित अग्र स्थानमा छन् भने लोसपाका संजयकुमार सिंह ३३१९ मत सहित दोस्रो र जनमत पार्टीका सुरेन्द्रकुमार मण्डल ३०८९ मत सहित तेस्रो स्थानमा रहेका छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्वर २ मा एमालेका उमाशंकर अरगरिया ८५२७ मत सहित अग्रस्थानमा रहेका छन् भने नेपाली कांग्रेसका रामकृष्ण यादव ८३४२ मत सहित दोस्रो र नेकपा एसका रामचन्द्र झा ७१३१ मत सहित तेस्रो स्थानमा छन् । प्रदेशसभा (क) तर्फ एमालेका लखनलाल दास ६१४२ मत सहित अग्रस्थानमा छन् भने जनमतका दिपेन्द्रकुमार तेथवार यादव ५५२४ मत सहित दोस्रो र नेकपा एसका रामनारायण साह सुडी ४६५३ मत सहित तेस्रो स्थानमा रहेका छन् । त्यस्तै प्रदेशसभा (ख) तर्फ जसपाका रामअशिष यादव ७५८२ मत सहित अग्रस्थानमा छन् भने नेकपा एमालेका संजीव झा सुरज ६२०७ मत सहित दोस्रो र माओवादी केन्द्रका श्यामकुमार यादव ६१०४ मत सहित तेस्रो स्थानमा रहेका छन् ।

निर्वाचन क्षेत्र नम्वर ३ मा नेकपा एमालेकी जुली कुमारी महतो अग्रता कायम राखेकी छन् । यो समाचार तयार पार्दा सम्म महतो १७८२८ मत सहित अग्रता कायमै राखेका छन् भने लोसपाका अनिलकुमार झा १३०८५ मत सहित दोस्रो र जनमतका शम्भूनाथ साह ४१९४ मत सहित तेस्रो स्थानमा रहेका छन् ।

प्रदेशसभा (क) तर्फ नेपाली कांग्रेसका रामसरोज यादव विजय भएका छन् । उनी तीन हजार तीन सय चार मतले जसपाका जीतेन्द्रकुमार यादवलाई पराजित गरेका छन् । बुधबार रातिदेखि प्रदेशसभा (ख)को मतगणना शुरु हुने बताइएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्वर ४ मा एमालेका रघुवीर महासेठलाई नेपाली कांग्रेसका महेन्द्र यादवले पछाडि पारेका छन् । महेन्द्र यादव ४६७७ मत सहित अग्रस्थानमा रहेका छन् भने रघुवीर महासेठ ४५३२ मत सहित दोस्रो स्थानमा रहेका छन् ।

प्रदेश सभा (क) तर्फ नेपाली कांग्रेसका शेषनारायण यादव २५९३ मत सहित अग्रता कायम गरेका छन् भने एमालेका संतोषकुमार यादव २३१८ मत सहित दोस्रो र जसपाका ज्ञानेन्द्र यादव ११९५ मत सहित तेस्रो स्थानमा रहेका छन् । यहाँ पनि प्रदेशसभा (ख)को मतगणना हुन सकेको छैन् ।

> ***धनुषाका निर्वाचन क्षेत्र नम्वर ३ को (ख) र ४ को (ख) को मतगणना शुरु नभएको अवस्था छ । तर धनुषाका प्रतिनिधिसभाहरु मध्यये दुई वटा निर्वाचन क्षेत्र १ र २ र ३ मा एमाले गठबन्धन अगाडि देखिएको छ भने निर्वाचन क्षेत्र नम्वर ४ मा कांग्रेस गठबन्धन अगाडि भएको छ ।***

# सबै क्षेत्रमा गठबन्धनको अग्रताकायमै

दाङ । दाङका सबै निर्वाचन क्षेत्रमा लोकतान्त्रिक-वाम गठबन्धनले अग्रता कायम राखेको छ । दाङका तीनवटा प्रतिनिधिसभा र ६ वटा प्रदेशसभामा अग्रता कायम राखेको हो ।

**दाङ क्षेत्र नं १ मा मेटमणिले मतान्तर बढाउँदै**

दाङ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणनामा गठबन्धनका मेटमणि चौधरीले मतान्तर बढाउनु भएको छ । उहाँले निकटतम प्रतिस्पर्धी एमालेका शान्ता चौधरीलाई एक हजार सात सय ३५ मतले पछि पार्नुभएको छ ।

कुल १४ हजार चार सय १९ मतगणना हुँदा एकीकृत समाजवादीका चौधरीले पाँच हजार पाँच सय ३५ मत ल्याउनुभएको छ भने उहाँका प्रतिस्पर्धी एमालेकी शान्ता चौधरीले तीन हजार आठ सय मत ल्याउनुभएको निर्वाचन अधिकृत मानबहादुर विष्टले जानकारी दिनुभयो । मेटमणि सुरुआतदेखि नै अग्रस्थानमा हुनुहुन्छ ।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका देवराज पाठकले तीन हजार ५२ मत ल्याउनुभएको छ भने नागरिक उन्मुक्ति पार्टीका सुरेन्द्र चौधरीले एक हजार ९३ मत ल्याएको पनि निर्वाचन अधिकृत विष्टले बताउनुभयो । क्षेत्र नं १ मा एक लाख ३४ हजार सात सय ३३ मतदातामध्ये८० हजार सात सय मत खसेको थियो । क्षेत्र नं १ को लमही नगरपालिकाको हलमा मतगणना भइरहेको छ ।

**दाङ- १ (१) इन्द्रजितको अग्रता कायम**

दाङको क्षेत्र नं १ को प्रदेशसभा १ मा पनि गठबन्धनका उम्मेदवार माओवादी केन्द्रका नेता इन्द्रजित चौधरीले अग्रता कायम राख्नुभएको छ । उहाँले निकटतम प्रतिस्पर्धी एमालेका गङ्गाराम भट्टराईलाई तीन सय ४४ मतान्तरले पछि पार्नुभएको छ । १४ हजार चार सय १९ मतगणना हुँदा चौधरीले चार हजार सात सय ५७ मत ल्याउनुभएको छ भने भट्टराइले चार हजार चार सय १३ मत ल्याउनुभएको छ । त्यस्तै नागरिक उन्मुक्ति पार्टीका रञ्जित चौधरीले एक हजार आठ सय ३८ मत ल्याउनुभएको छ ।

**दाङ- १ (२) अनुरागको अग्रता कायमै**

दाङको क्षेत्र नं १को प्रदेशसभा २ मा पनि गठबन्धनका उम्मेदवार कांग्रेस युवानेता अनुराग खड्कालेअग्रता कायम राख्नुभएको छ । १४ हजार तीन सय ६१ मत गणना हुँदा खड्काले पाँच हजार सात सय ६६ मत ल्याउनुभएको छ भने उहाँका प्रतिस्पर्धी एमालेका कुलबहादुर केसीले पाँच हजार छ सय १२ मत प्राप्त गर्नुभएको छ । उहाँहरूबीचको मतान्तर एकसय ५४ रहेको छ ।

**दाङ क्षेत्र नं २ मा रेखाको अग्रता कायमै**

दाङ क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्यमा गठबन्धनका तर्फबाट उम्मेदवार माओवादी केन्द्रका रेखा शर्माले आफ्नो अग्रता कायम राख्नुभएको छ । ३५ हजार हजार छ सय ३० मत गणना हुँदा रेखाले १३ हजार दुइ सय चार मत प्राप्त गर्नुभएको छ भने एमाले महासचिव शङ्कर पोखरेलले ११ हजार पाँच सय ८० मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत कृपासुर कार्कीले जानकारी दिनुभयो ।

उहाँहरूबीचको मतान्तर एक हजार ६ सय १६ रहेको मुख्य क्षेत्र नं २ मा एक लाख ३३ हजार सात सय ४८ मतदाता मध्ये ७९ हजार चार सय ४६ मत खसेको थियो ।क्षेत्र नं २ को जिल्ला समन्वय समिति दाङको हलमा मतगणना भइरहेको छ ।

**दाङ २ (१)मा खनाल अगाडि**

दाङ क्षेत्र नं २ को प्रदेशसभा १ मा पनि गठबन्धनका उम्मेदवार राजु खनाल अगाडि हुनुहुन्छ । खनाल निकटतम प्रतिस्पर्धी एमालेका बलिभद्र राणाभन्दा एक हजार आठ सय ४५ मतले अघि हुनुहुन्छ । खनालले १२ हजार नौ सय ७१ मत प्राप्त गर्नुभएको छ भने राणाले ११ हजार एक सय २६ मत प्राप्त गर्नुभएको छ ।रासस

# झापा १ को प्रदेश (१) मा तामाङ र (२) मा बजगाई विजयी

झापा । झापा क्षेत्र नम्बर १ को प्रदेश (१) मा नेपाली कांग्रेसका उम्मेदवार गोपाल तामाङ २३ हजार ४५ मतले विजयी हुनुभएको छ । उहाँका निकटम प्रतिद्वन्द्वी नेकपा (एमाले)का उम्मेदवार रविन कोइरालाले १८ हजार छ सय ५८ मत प्राप्त गर्नुभएको छ । कोइराला संविधानसभा सदस्य हुनुहुन्छ ।

प्रदेश (२) मा राष्ट्रिय प्रजातन्त्र पार्टीकी उम्मेदवार सविना बजगाई १३ हजार छ सय १२ मतले विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी श्यामवीर लिम्बूले १२ हजार दुई सय २५ मत प्राप्त गरेको निर्वाचन अधिकृत टङ्कबहादुर महतले जानकारी दिनुभयो । बजगाई नेकपा (एमाले)सँगको तालमेलबाट उम्मेदवार बन्नुभएको हो ।रासस

# रुपन्देही-५(२) मा जनमत पार्टीका चन्द्रकेश गुप्ता विजयी

रुपन्देही । रुपन्देही निर्वाचन क्षेत्र नम्बर ५ को (२) मा जनमत पार्टीका चन्द्रकेश गुप्ता विजयी हुनुभएको छ । सत्ता गठबन्धनका तर्फबाट कांग्रेसका उम्मेदवार फखरुद्दिन खानलाई पराजित गर्दै उहाँ विजयी हुनुभएको हो । गुप्ताले १२ हजार नौ सय ४१ मत प्राप्त गर्नुभएको छ । खानले ११ हजार छ सय ५१ मत ल्याउनुभएको निर्वाचन अधिकृत चिन्तनामणि शर्माले जानकारी दिनुभयो ।

प्रतिनिधिसभाको मतगणना सकिएपछि आधिकारिक घोषणा हुने उहाँको भनाइ छ । यस क्षेत्रको प्रदेशसभातर्फ ५(१) मा नेकपा (एमाले) का नेता तथा पूर्वसांसद भूमिश्वर ढकालले फराकिलो अन्तर बनाउनुभएको छ । यस क्षेत्रको प्रतिनिधिसभा सदस्यमा एमालेका वासुदेव घिमिरे अगाडि हुनुहुन्छ । कांग्रेसका भरतकुमार शाह दोस्रो स्थानमा हुनुहुन्छ ।रासस


## रोजगार बनौ । Admission Open रोजगार बनौ ।।

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

### शंकर टेक्निकल

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

- ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

- बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
- सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
- सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यून्तम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस् ।

**फारम भर्ने अन्तिम मितिः-** २०७९/मंसिर/०८ गते सम्म

**पुनः प्रवेश परीक्षा हुने मितिः-** २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम

फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४



## सारा बचत तथा ऋण सहकारी संस्था लि.

**जनकपुरधाम-९, रामानन्द चौंक**

**फोन नं.०४१-५२२९५६, ५२६९५६, मो नं.९७४८३८७९५६**

### २१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(२०७९ मंसिर ८ गते विहिवार जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित)

सञ्चालक समितिको मिति २०७९/०६/११ गतेको निर्णयानुसार निम्न मिति, समय र स्थानमा यस संस्थाको २१औं वार्षिक साधारण-सभा वस्ने भएकोले सम्पूर्ण सदस्यज्यूहरु लगायत सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । उक्त साधारण-सभा सम्बन्धी सूचना संस्थाको सबै शेयर सदस्य महानुभावहरुलाई पठाइसकिएकोमा कारणवस प्राप्त नभए पनि यसै सूचनालाई आधार मानी परिचयको लागी बचत बुक, परिचय पत्र वा शेयर प्रमाण पत्र मध्ये कुनै एक साथमा लिई सहभागी हुन अनुरोध गरिन्छ ।

**साधारण सभा वस्ने मिति, समय र स्थान :**

**मिति :- २०७९ साल मंसिर २४ गते शनिवार**

**समय :- विहान ८ वजे**

**स्थान :- रौनियार सेवा सदन, जनकपुरधाम**

**छलफलका विषयहरु :**

१. **सामान्य प्रस्तावहरु :**

(क) सञ्चालक समितिको तर्फबाट पेश गरिएको अध्यक्ष ज्युको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।

(ख) लेखा-सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।

(ग) आ.व. २०७८/०७९ को वित्तिय विवरणहरु तथा लेखापरीक्षकको प्रतिवेदन माथि छलपल गरी पारीत गर्ने सम्बन्धमा ।

(घ) सञ्चालक समितिले सिफारिश गरे वमोजिम आ.व. ०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन एवं स्वीकृत गर्ने सम्बन्धमा ।

(ङ) आ.व. ०७९/०८० का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(च) संस्थाको विनियम, आन्तरिक कार्यविधिहरुलाई प्रचलित सहकारी कानून बमोजिम गरिएको संशोधनलाई अनुमोदन एवं स्वीकृती गर्ने तथा संञ्चालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।


(छ) निर्णय पुस्तिकामा हस्ताक्षरको लागी सदस्यहरुमध्येवाट प्रतिनिधिहरु छनौट गर्ने सम्बन्धमा ।

(ज) विभिन्न कार्यविधि (आर्थिक प्रशासन कार्यविधि २०७९, मानव संसोधन कार्यविधि २०७९ ऋण व्यवस्थापन कार्यविधि २०७९, बचत कार्यविधि २०७९, सदस्यता कार्यविधि २०७९, सम्पत्ति सुधिकरण कार्यविधि २०७९ र निर्वाचन कार्यविधि २०७९) पारित ।

**अध्यक्ष**

**सारा बचत तथा ऋण सहकारी संस्था लि.**

**जनकपुरधाम-९, रामानन्दचौक**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# आत्मसमीक्षा आवश्यक

चुनावमा अनपेक्षित नतिजा आएपछि मधेश प्रदेशलाई केन्द्र बनाएर राजनीति गरिरहेका दलका नेताहरुका लागि आत्मसमीक्षा गर्नु आवश्यक छ । चुनावमा जित हार स्वभाविक प्रक्रिया हो । ठूला मानिने नेताहरु पनि चुनावमा पराजित भएर फेरि स्थापित भएका सयौं उदाहरणहरु छन् । नेपालमा व्यवस्था परिवर्तनसँगै कयौं नेताहरु राजनीतिक रुपमा धेरै पछाडि धकेलिएका थिए । तर समयको गतिसँगै उनको सक्रियताले फेरि स्थापित गराएको घटनाहरु नेपालमै भएका छन् । सूर्यबहादुर थापा, लोकेन्द्र बहादुर चन्द लगायतका कयौं नेता देशमा बहुदल प्राप्तिपछि जनआक्रोशको शिकार भएका थिए। तर उनीहरु पनि देशको प्रधानमन्त्री बनेका थिए। त्यसकारण चुनावमा भएको पराजयलाई पनि सहज रुपमा लिनु पर्छ। चुनाव जित्न हरेक उम्मेदवारले सम्पूर्ण ताकत लगाउँछन्। तर परिणाम त कुनै एकजनाको पक्षमा मात्र जान्छ। नेपालको राजनीतिमा धेरै पछाडि परेका नेताहरुको पनि भाग्य चम्किएको देखिएको छ। तर चुनावमा पराजयको कारण पहिल्याउनु पर्छ। त्यसका लागि आत्मसमीक्षा आवश्यक छ । दोष अरुमाथि थोपार्नु भन्दा स्वयंबाट भएका कमीकमजोरीको खोजी गर्नुपर्छ। बितेको पाँच वर्षमा भएका गतिविधिहरुबाट जनतामा कतै आक्रोश त बढेको थिएन्। पार्टीले लिएको नीति त गलत थिएन् । नेताहरुमा अहंकार बढेर जनता टाढिएका हुन् की ? भ्रष्ट र चाप्लुसहरुको घेरामा परेर यथार्थ बुझ्न सकिएन् की ? गठबन्धनको क्रममा दलको चयन उपयुक्त भएन् की ? गठबन्धन नै अनुपयुक्त थियो की ? जातिय सन्तुलन मिलाउन सकिएन् की ? लगायतका अन्य थुप्रै कारणहरु पहिल्याएर त्यसमा आफ्नो भूमिका र जिम्मेवारी अनुकूल काम गर्न सकिएन् की ? त्यसको स्वयं समीक्षा गर्नुपर्छ । अरुलाई दोष दिएर कमजोर मानिस मात्र पञ्छिन खोज्छन् । कमजोरी सबै स्वयमले स्वीकारगरी सहयोगीहरुको मनोबललाई उच्च बनाउनु पर्छ। अन्तरआत्माले गलत पहिचान गरेका सहयोगीहरुलाई नबुझ्नेगरी अलग्याउनु उपयुक्त हुनेछ। आफ्नै छायाँबाट तर्सिनु भन्दा विरोधको डटेर सामना गर्न सक्नु पर्छ। चुनावमा मताधिकार पाएका नेताहरुमाथि थपिएको जिम्मेवारी भन्दा बढी आफूलाई जिम्मेवार बोध गर्नुपर्छ। चुनावको परिणामबाट आत्तिनु अथवा विचलित हुनुपर्ने आवश्यकता छैन् । मधेशको अधिकार सुरक्षित गर्न भन्दा सत्ता केन्द्रित हुन थालेपछि जनतामा असन्तुष्टि देखिएको हुन सक्छ। मधेशका मतदाताले दिएको अधिकारलाई मधेशी अधिकारको रक्षार्थ उपयोग गर्नुपर्ने थियो । तर पाँच वर्षमा त्यो भएन् । मधेश प्रदेश सरकारले जनताको अपेक्षा अनुरुप काम पनि गरेन्। सहयोगीलाई पाखा लगाउने नीति पनि ठिक थिएन् । सबैलाई हटाएर एक्लै हुकुमी शासन चलाउने सोच पनि चुनावको विपरीत परिणामको कारक हुन सक्छ ? यी र यस्ता सबै कमीकमजोरीको विषयमा समीक्षा गरौँ। कमजोरी अरुलाई होइन्, आफूमै खोज्नु र त्यसको जिम्मेवारी लिनु र सहयोगीहरुलाई अपमानित, दोषी देखाउने प्रवृत्तिको त्याग गरी नयाँ ढंगले अगाडि बढनु नै समयको माग हो।

# के द्रोणाचार्य एक इमान्दार गुरु थिए ?



डा. रामसागर पंडित

> *एक पटक द्रोणाचार्यले आफ्ना शिष्यहरूलाई परीक्षा लिन चाहे । उनले एउटा सानो नक्कली चरा बनाएर कसैले नपाउने गरी रूखमा झुण्ड्याइ दिए। उनले सबै शिष्यलाई  पालै पालो गरी सोध्न थाले कि त्यस रूखमा बसेको चरालाई देख्छौं। सबैले उत्तर दिन थाले कि चरा, रूख, गुरु र आफ्ना भाइहरूलाई पनि देखिरहेका छौं। अन्तिममा गुरुले अर्जुनलाई बोलाएर समान प्रश्न सोधे। अर्जुनले उत्तर दिए गुरुदेव ! मैले चराको टाउको बाहेक केही देखिरहेको छैन। गुरुको आदेश लिएर तत्कालै चराको टाउको खसाइ दिए। त्यस दिनदेखि अर्जुनमाथि सर्वश्रेष्ठ धनुर्धर हो भने विश्वास गर्न थाले। एकदिन द्रोणाचार्य गंगास्नान गरि रहेका थिए। त्यतिकैमा गोहीले उनको खुट्टा समात्यो, द्रोण आफै पनि त्यसबाट छुट्न सक्थें, तर उनले शिष्यहरूसँग भने गोहीलाई मारेर मलाई बचाओ। वहाँले वाक्य पूरा गर्नु भन्दा पहिलै अर्जुनले पानी भित्रको गोहीलाई ताकेर पाँचवटा बाण हाने। गोही मऱ्यो र द्रोणाचार्यको खुट्टा छुट्यो। द्रोणाचार्य धेरै खुशी भए र अर्जुनलाई भने अब म तिमीलाई ब्रह्माशिर नामक दिव्यास्त्रको प्रयोग र संहार बारेमा बताउँछु। यो अस्त्र अमोघ हुन्छ।*

महाभारत बारेमा जान्ने प्रत्येक पाठकले द्रोणाचार्यका चरित्र बारे पक्कै केही न केही जानकारी राखेको हुनुपर्छ । महाभारत युद्धमा द्रोणाचार्यको मुख्य भूमिका थियो। भीष्मपिता महको मृत्यु पश्चात महाभारत युद्धमा प्रधान सेनापतिसमेत बनाइएका थिए किनभने कौरबको दरबारमा भीष्मपिता महपछि अस्त्रशस्त्रका परम ज्ञाता उहाँ नै थिए । वहाँको शुरूआति जीवनतिर जाँदा भारद्वाज मुनिकहाँ बृहस्पतिको अंशका रूपमा द्रोणाचार्य जन्मिएका थिए । गङ्गाद्वार नामक स्थानमा महर्षि भारद्वाज बस्ने गर्थे। उनी ब्रतशील र यशस्वी थिए। वहाँको जन्मबारे वडो रोचक कथा छ। द्रोणाचार्य अप्सराकी कोखबाट जन्मेका थिए । एकपटक भारद्वाज यज्ञ गरिरहेका थिए । त्यही क्रममा अन्य महर्षिहरूलाई लिएर गंगास्नानका लागि गंगा नदीमा गए । त्यहाँ उनले घृताची नामक अप्सरालाई नुहाएर पानीबाट बाहिर निस्कँदै गरेको देखेर उनको मनमा कामवासना जातृत भयो र दुबैको यौन सम्बन्धबाट द्रोणाचार्यको जन्म भयो।

उनी एक श्रेष्ठ धनुर्धर, शास्त्रबेत्ता र परम तेजस्वी थिए। वहाँ विद्यार्थी जीवनमा निकै मिहिनेती तथा लगनशील थिए । महर्षि भारद्वाजले द्रोणलाई शास्त्रीय शिक्षा दिन आफ्ना शिष्य अग्निवेश्यलाई अह्राएका थिए। वहाँले आफूले सिकेको आग्नेयास्त्र विद्या सिकाएका थिए । भारद्वाजका मित्र राजा कृषत्का छोरा द्रुपत र द्रोणसँगै जन्मिएका थिए । भारद्वाजको आश्रममा द्रुपद र द्रोणसँगै शिक्षा लिएका थिए । यसैक्रममा द्रोण र द्रुपदको बीचमा गहिरो मित्रता भएको थियो। राजा बृषत् मृत्यु पश्चात द्रुपद उत्तर पाञ्चालका राजा भए । द्रोणाचार्यको विवाह शरद्वानकी छोरी र गुरु कृपाचार्यकी बहिनी कृपीसँग भएको थियो, जसबाट अश्वत्थामाको जन्म भयो । द्रोणाचार्यका गुरु जमदग्निनन्दन परशुराम थिए।

द्रोणाचार्य आफ्ना छोरा अश्वत्थामाका लागि एउटा दुधालु गाई ल्याउन चाहन्थे तर गरिबीका कारण गाई ल्याउन सकेन। अन्तमा गाई सहयोगका लागि आफ्ना प्रिय मित्र द्रुपद कहाँ गए । द्रुपद द्रोणलाई चिन्न अस्वीकार गरे र बेइज्जती गरेर फर्काइ दिए । द्रोणाचार्यको विद्यासँग भीष्म निकै जानकार थिए। वहाँले आफ्ना राजकुमारहरूलाई उनैबाट शिक्षा दिलाउने इच्छा व्यक्त गरे । भीष्मले राजकुमारहरूलाई धनुर्वेद शिक्षा सिकाउन उनीसँग आग्रह गरे । उनले सहर्ष स्वकिार गरी राजकुमार हरूलाई शिक्षा दिन शुरू गरिदिए । हस्तिनापुरको दरबारसँग निकै नजिक हुन थाले । अर्जुन सबै राजकुमार मध्ये बढी प्रिय थिए। एक दिनको कुरो हो सबै शिष्यले भोजन गरि रहेका थिए । तेज हावाका कारण अचानक दियो निभ्यो। अध्यारोमा पनि भातको गाँस हातले कतै नझुक्की मुखमा पुऱ्याएको देखेर अर्जुनले ठूलो पाठ सिके। निशाना लगाउन प्रकाशै चाहिन्छ भने होइन। मात्रै अभ्यास आवश्यक पर्छ भन्ने थाहा पाए । त्यसैदिनदेखि अँध्यारोमा पनि बाण चलाउन अभ्यास गर्न थाले।

द्रोणाचार्यको शिक्षा कौशलताको खबर देश-देशान्तरसम्म फैलियो । टाढा-टाढा देशका राजकुमारहरू आउन थाले । यही क्रममा एकदिन निषादपति हिरण्यधनुका छोरा एकलव्य पनि आए । निषाद जाति एउटा आदिवासी भएकाले द्रोणाचार्यले उनलाई शिक्षा दिन अस्वीकार गरि दिए। एकलव्य त्यहाँबाट उदास भई फर्के। वनमा उनले द्रोणाचार्यको एउटा माटोको मूर्ति बनाएर त्यसैमा आचार्यभाव राख्दै श्रद्धा र प्रमेपूर्वक नियमित अस्त्राभ्यास गर्न थाले। केही दिन मै उनी निपुण बने। एक पटक सबै राजकुमार आचार्यको अनुमति लिएर शिकार खेल्न वनमा गए । यिनीहरूसँग एउटा कुकुर पनि थियो । एकलव्यलाई हेरेर कुकुर भुक्न थाल्यो । एकलव्यले कुकुरको मुखमा सातवटा बाण प्रहार गरे । वाणले कुकुरको मुख भरियो, तर उसलाई कुनै चोट लागेन। वाणले भरिएको मुख लिएर कुकुर राजकुमारहरूको छेउमा पुग्यो। कुकुरको यस्ता अवस्था देखेर यिनीहरू छक्क परे। यसरी कुकुरले राजकुमारहरूलाई एकलव्य कहाँ पुऱ्यायो।

पाण्डवले एकलव्यको परिचय जान्न चाहे । एकलव्यको जानकारी लिइसकेपछि घर फर्किए पछि अर्जुनले गुरुसँग गुनासो पोखे-गुरुदेव ! तपाईंले म बराबर तपाईका कुनै पनि शिष्य हुँदैनन् भन्नु भएको थियो । तर तपाईंकै शिष्य एकलव्य म भन्दा धेरै जान्ने रहेछन्। यस्ता कुरा सुनेपछि अर्जुनलाई लिएर एकलव्यलाई भेट्न गए। एकलव्यले द्रोणाचार्यलाई प्रणाम गरेपछि सोधे-गुरुदेव ! तपाईंको शिष्य सेवामा उपस्थित छन्। आज्ञा गर्नुहोस्। द्रोणाचार्यले गुरुदक्षिणा माँगे । गुरुदक्षिणा दिन एकलव्य तयार भए। द्रोणाचार्यले उनीसँग दाहिने हातको बुढी औंला मागे। एकलव्यले आफ्नो दाहिने हातको बुढी औंला काटेर गुरुदेवलाई सुम्पी दिए। यसपछि उनले राम्रोसँग वाण चलाउन सकेनन्।

एक पटक द्रोणाचार्यले आफ्ना शिष्यहरूलाई परीक्षा लिन चाहे । उनले एउटा सानो नक्कली चरा बनाएर कसैले नपाउने गरी रूखमा झुण्ड्याइ दिए । उनले सबै शिष्यलाई  पालै पालो गरी सोध्न थाले कि त्यस रूखमा बसेको चरालाई देख्छौं । सबैले उत्तर दिन थाले कि चरा, रूख, गुरु र आफ्ना भाइहरूलाई पनि देखिरहेका छौं । अन्तिममा गुरुले अर्जुनलाई बोलाएर समान प्रश्न सोधे । अर्जुनले उत्तर दिए गुरुदेव ! मैले चराको टाउको बाहेक केही देखिरहेको छैन । गुरुको आदेश लिएर तत्कालै चराको टाउको खसाइ दिए । त्यस दिनदेखि अर्जुनमाथि सर्वश्रेष्ठ धनुर्धर हो भने विश्वास गर्न थाले। एकदिन द्रोणाचार्य गंगास्नान गरि रहेका थिए। त्यतिकैमा गोहीले उनको खुट्टा समात्यो, द्रोण आफै पनि त्यसबाट छुट्न सक्थें, तर उनले शिष्यहरूसँग भने गोहीलाई मारेर मलाई बचाओ। वहाँले वाक्य पूरा गर्नु भन्दा पहिलै अर्जुनले पानी भित्रको गोहीलाई ताकेर पाँचवटा बाण हाने । गोही मऱ्यो र द्रोणाचार्यको खुट्टा छुट्यो। द्रोणाचार्य धेरै खुशी भए र अर्जुनलाई भने अब म तिमीलाई ब्रह्माशिर नामक दिव्यास्त्रको प्रयोग र संहार बारेमा बताउँछु। यो अस्त्र अमोघ हुन्छ। यसलाई कहिले पनि कुनै साधारण मनुष्यमाथि नचलाउनु। यसले पूरै जगतलाई जलाउन सक्ने क्षमता राख्छ। अर्जुनले हात जोडेर स्वीकार गरे। त्यस दिव्यास्त्र बारेमा सिकाइ सकेपछि द्रोणाचार्यले भने अब तिमी समान कुनै धनुर्धर हुने छैनन्।

राजकुमारहरूका शिक्षा आर्जनको काम सकिए पछि राजकीय सामानका साथ सबैलाई रङ्गमण्डपमा ल्याइए। पालै पालो गरी सबै राजकुमार हरूले आ-आफ्ना अस्त्रकौशलता देखाउन थाले । अन्तमा अर्जुनको पालो आयो । त्यतिकैमा कर्ण पनि रंगमण्डपमा प्रवेश गरे र अर्जुनलाई चुनौती दिए। यसबाट अर्जुन र कर्णको बीचमा शत्रुता भयो र कर्ण र दुर्योधनको बीचमा मित्रता भयो। त्यसपछि गुरुदक्षिणाका रूपमा पाण्डवले द्रुपदलाई समातेर द्रोणाचार्यका अगाडि उभ्याए, द्रोणाचार्यले भने द्रुपद तिमी निराश नहोऊ। तिम्रो घमण्ड तोड्न मैले यस्तो गर्नु परेको थियो । अब तिम्रो समान म पनि राजा भएर तिमीसँगको मित्रतालाई निरन्तरता दिन चाहन्छु। त्यसैले तिमी गङ्गाको दक्षिण तटको राजा बन। म उत्तर तटको राजा बन्छु। त्यसपछि द्रुपदलाई द्रोणाचार्यले मुक्त गरिदिए । त्यसैबेलादेखि द्रुपद दक्षिण पाञ्चालमा बस्न थाले । उत्तर पाञ्चालमा द्रोणाचार्यको राज्य कायम भयो।

महाभारत युद्धको दशौं दिन भीष्मको बध भएपछि कौरबले उनलाई सेनापति नियुक्त गरे । महाभारत युद्धमा उनले चक्रव्यूह रचना गरे । त्यसलाई तोडेर अभिमन्युभित्र पसे । जयद्रथ लगायत अन्य कौरब पक्षका योद्धाहरू पांडवपक्षलाई भित्र छिर्न दिएनन् । अभिमन्युको बध पश्चात द्रोणमाथि पांडव पक्षबाट आक्रमण भयो । द्रोणाचार्यको युद्ध देखेर पाण्डव चिन्तामा परे । त्यहींबेला कृष्णको सल्लाह अनुसार भीमले मालवा नरेश इन्द्रवर्माको अश्वत्थामा नाम गरेको हातीलाई मारि दिए।

त्यसपछि अश्वत्थामा मारियो भन्दै भन्दै कराउन थाले । द्रोणाचार्यलाई विश्वास भएन । त्यसपछि युधिष्ठिरसँग सोधे। युधिष्ठिरले जोडसँग भने अश्वत्थामा मारियो। फेरि मसिनो आवाजमा भने तर अश्वत्थामा नामको हात्ती हल्लाका कारण युष्धिष्ठिरको पछिल्लो स्वर सुनेनन्। पुत्र शोकले उनी अस्त्रशस्त्र राखि दिए । धृष्टद्युम्न तलबार लिएर उनको रथतर्फ बढे । द्रोणाचार्य विक्षुप्त अवस्था रहेका बेला धृष्टद्युम्नले उनको मस्तकको बाल समातेर टाउको काटि दिए। मृत्यु हुँदा उनको उमेर चार सय वर्षको थियो । द्रोणाचार्य एउटा विद्वान गुरु थिए त्यसमा कुनै शंका छैन तरपनि कतिपय ठाढो प्रश्न वहाँ सामुन्ने उभिएका छन् जसको जबाव पाठक वर्गका लागि जिज्ञासाको विषय जहिले पनि बनेका छन् । प्रश्नहरूमा द्रोणाचार्य धर्मको ज्ञाता भए पनि अधर्मी कौरबका पक्षमा किन उभिए ? एकलव्य जस्ता गुरुका आदेश पालक शिष्यलाई आफ्नो दक्षिणामा दाहिने हातका बुढी औंला किन माँग गरेका थिए त ? महाभारत युद्धमा अभिमन्युलाई मार्ने बेला वहाँ नै प्रधान सेनापति थिए, के अभिमन्युको मृत्यु युद्ध नियम अनुसार भएको थियो त ? भिष्मपिता मह प्रधान सेनापति हुँदासम्म युद्धमा नियमलाई सबैले पालन गरेका थिए । एउटा योद्धासँग एक जना भन्दा बढी विपक्षी योद्धा लड्न पाउँदैनन् । यी सारा प्रश्नको उत्तरका लागि जबाब अहिले पनि महाभारतका पाठकगण जबाबको प्रतिक्षामा बसेका छन्। यस्तै आफ्ना छोरा अश्वत्थामालाई अध्यारोमा वा राजकुमारहरूका परोक्षमा किन विभिन्न किसिमका अस्त्रशस्त्रका विद्या दिएका थिए ? यस्ता अनेकौं प्रश्न छन्।

पहिलो प्रश्नको उत्तर खोज्दै क्रमशः अगाडि बढ्ने प्रयास गर्नेछु। द्रोणाचार्यको यस सम्बन्धमा के भनाइ थियो भने म हस्तिनापुरका अन्न पानी खाएको हुनाले मेरो पहिलो धर्म राज्य पक्षबाट युद्ध गर्नु नैतिक जिम्मेवारी हुन आउँछ, त्यसैले म नमकको मूल्य चुकाएको हुँ। अर्को प्रश्न एकलव्य जस्ता आज्ञाकारी शिष्यको औंठा सम्बन्धमा वहाँको के भनाइ थियो भने एकलव्यले गुरुको आदेशबिना विद्या आर्जन गरेका थिए। विद्या चोरेर होइन, सहमतिमा लिनु पर्ने हो । त्यसैले वहाँको दण्ड न्यायशास्त्र सम्मत थियो। तेश्रो प्रश्न अभिमन्युको मृत्यु सम्बन्धमा छ त्यहाँ द्रोणाचार्य पक्कै चुक्नु भएको छ । यस सम्बन्ध वहाँको तर्क के छ भने यहाँ त म राज्यको आदेशको पालन मात्र गरेको हुँ । एउटा देशभक्त नागरिक राज्य आदेशलाई कहिले पनि उलंघन गर्नु हुँदैन।

अर्कोतिर अन्तिम प्रश्न के छ भने अश्वत्थामालाई बेग्लै शिक्षा दिनु के न्यायसंगत थियो त ? यस सम्बन्धमा वहाँको के भनाइ छ भने शिक्षण समय बाहेक गुरु स्वतन्त्र हुन्छन् । वहाँले आफ्नो स्वतन्त्र समयमा शिक्षा दिनु आफ्नो इच्छाको कुरो हो। यसरी वहाँले सबैप्रश्नको जबाब पालैपालो दिएका थिए । तर जे जस्तो जबाब दिए पनि अहिले पनि वहाँप्रति केही शास्त्रीय विद्वानहरू नकारात्मक प्रश्न गर्न छोडेका छैनन्। अभिमन्युलाई कौरबपक्षका योद्धाहरू समूहगत रूपमा नमारेको भए युद्धको प्रकृति बेग्लै हुन्थ्यो होला।

त्रेतायुगभन्दा द्वापरमा जाति/वर्ण भेद बढी देखिन्थ्यो । कर्ण एउटा ठूलो योद्धा भए पनि सदैव अपमानित भएर बस्नु परेको थियो। एकलव्य आदिबासी नभएको भए औंठा गुमाउनु पर्ने थिएन होला । यस्ता अनेको प्रश्न थिए जहाँ पाण्डव तथा कौरब पक्षलाई कलंकित बनाएर छोडेका छन्। त्यति मात्र थिएन, पुरूष र स्त्रीबीच पनि निकै ठूलो भेद थियो । द्रोपदी जस्तो स्त्रीलाई जूवामा हार्नु भनेको के द्रोपदी, एउटी बस्तु थिइन त ! ठीक छ कौरब पक्ष त धर्म विरोधी थिए तर पाण्डव पक्ष पनि जाति/पाति तथा महिला/पुरूषको बीचको विभेदमा कम दोषी देखिँदैनन् । कुनै पनि शासकले कमजोर मानवमाथि दमन गर्न भन्दैनन् । गरिबमाथि अत्याचार गर्न भन्दैनन्, आदि। इतिश्री।

लेखक त्रिविका अवकाशप्राप्त सह-प्राध्यापक तथा अन्वेषक हुन्।

# 'क्यापिटल' जन्य मानसिक रोगले पीडित हामी

गोविन्दशरण उपाध्याय



मानसिक रोग प्रतिको सचेतना बढ्दै जाँदा समाजमा रहेका मानसिक समस्याहरूको पहिचान सहज हुन्छ र सेवा उपलब्ध हुन्छ। नेपालजस्तो देशमा त यो सजिलो छँदैछैन।

विश्व स्वास्थ्य संगठनले मानसिक स्वास्थ्यलाई 'मानसिक, शारीरिक, सामाजिक तथा आध्यात्मिक अवस्थाको सन्तुलन' भनेर बुझ्न आग्रह गरेको छ। जब कुनै व्यक्तिमा यी उपरोक्त स्वास्थ्यहरू मध्ये एउटामा समस्या देखा पर्छ, अन्य तीनबाट स्वास्थ्यका सूचकहरू स्वतः प्रभावित हुन थाल्छन्।

वैदिक शास्त्रहरूले विश्व स्वस्थ्य संगठनले 'होलेस्टिक हेल्थ' भनेको यो आधुनिक मानसिक स्वास्थ्यको परिभाषालाई 'तापत्रय' आधिभौतिक, आधिदैविक र आध्यात्मिक स्वास्थ्य भनेर बुझाएको थियो।

भौतिकभित्र शरीरिक स्वास्थ्य समस्याहरू, आधिदैविकभित्र सामाजिक, सांस्कृतिक, मानवीय भावनात्मक समस्याहरू र आध्यात्मिक भित्र अहम् अर्थात् स्वअस्तित्व आत्मगत समस्याहरूको समग्रता बुझ्ने प्रयत्न गरिएको छ। यहाँ 'ताप' शब्दलाई मानसिक अर्थमा पश्चाताप भनेर बुझ्नुपर्छ, भौतिक अर्थमा शारीरिक सन्तापभनेर बुझ्नुपर्छ भने आध्यात्मिक अर्थमा 'ताप'का रूपमा बुझ्नुपर्छ।

भौतिक विज्ञानले आफ्नो विकाससँगै मानसिक स्वास्थ्यमा पनि नकारात्मक समस्याहरू थपिदिएको छ। विज्ञानको चमत्कारिक विकासले मान्छेमा भौतिक सुख प्राप्त गर्ने 'महत्वाकांक्षी' मनको विकास भएको छ तर विज्ञान महङ्गो छ। सबैका लागि त्यो सुलभ छैन। पैसोको जोहो गर्न नसक्नेहरू विज्ञानबाट लाभान्वित हुन सक्दैनन्। विश्वका हरेक वस्तु 'क्यापिटल'मा रूपान्तरित भएको छ।

आजको मान्छेको जन्म, मृत्यु, जीवनकाल र बुढ्यौली समेत 'पैसो'को विषय बनेको छ। यदि तपाईंसँग पैसो छैन भने बाँच्ने र जिउने अधिकार रहन्न। तपाईं यदि जीवित हुनुहुन्छ भन्नुको अर्थ हो तपाईंका लागि कसैले (कर वा राजस्व) खर्च गरिरहेको छ। यस्तो अवस्थामा 'आर्थिक असुरक्षा'ले मानिसमा मानसिक समस्या बढाउँछ। विश्व 'क्यापिटल'जन्य मानसिक रोगले पीडित छ।

विश्वको मानव-समाजलाई 'क्यापिटल'मा रुपान्तरित गर्ने अपराध को-कसले गरेका हुन् ? मनोवैज्ञानिकहरूले खोज गरूँन् तर पाश्चात्य शिक्षा दीक्षाबाट विकसित भएका 'साइकोलोजिस्ट'हरूले माथिल्लो हरफलाई बुझेर न्याय गर्ने छन् ? सजिलो छैन। यिनको कुनै दोष छैन किनभने क्यापिटलको एउटा अङ्ग बनिसकेको हाम्रो 'मानसिक व्यवस्था'मा क्यापिटलबाहिर गएर बुझ्ने कुनै अवस्था नै छैन। हरहमेशा 'क्यापिटल' प्राप्तिलाई मात्र सफलता ठान्ने 'मानसिक तन्त्र'मा मानसिक स्वास्थ्यका अनेकौं समस्याहरू देखिनु स्वाभाविक ठान्छु। जतिजति मान्छेको सफलता भनेकै 'क्यापिटल प्राप्ति' हो भन्ने प्रतिमान स्थापित हुँदैजान्छ, त्यतित्यति नै मान्छेमा मानसिक समस्याहरू पनि बढ्दै जान्छन्।

क्यापिटल प्राप्त गरेकाहरू अधिकतम भौतिक वस्तुहरूबाट सुख प्राप्त गर्ने लिगलिगे दौडका कारण मानसिक सन्तापले भरिन्छन् भने 'क्यापिटल' प्राप्त गर्न नसक्नेहरू यसैलाई असफलता मानेर मानसिक रूपमा पश्चाताप ग्रस्त हुन्छन्। अहिलेको विश्व यसरी नै दौडिरहेको छ।

यो वर्षको मानसिक स्वास्थ्य दिवस मनाउने सन्दर्भमा  'सबैको लागि मानसिक स्वास्थ्य' भन्ने नारा तोकिएको थियो। सुन्दा राम्रो लागे पनि युक्रेन-रसिया युद्ध चलिरहेको छ कोरोनाबाट मान्छेहरू राम्ररी तङ्ग्रिन पाएका छैनन् तर यस्तो अवस्थामा 'सबैको लागि मानसिक स्वास्थ्य' एउटा अत्यन्त महत्वाकांक्षी नारा हुन पुगेको छ। युक्रेनको युद्ध होस् वा कोरोनाको कहर अमेरिकी र युरोपेली औषधि तथा हतियार कम्पनीहरूको भाउ बढेको छ।

अर्कोतिर अमेरिकाली डलरमा व्याज थपेर विश्वव्यापीतहको 'क्यापिटल' लाई महँगो बनाएको छ। हामी नेपाली कै सवालमा कुरा गर्ने हो भने गतवर्षको तुलनामा हरेक नेपालीको घरमा ३०-३४ प्रतिशत महँगी बढेको छ। कुरा फेरि पनि 'क्यापिटल' कै हो। राज्यको ढुकुटीमा जानेका राजनीतिक नेतृत्व र जनताको गोजीबाट महँगाइको भरपाइ गर्ने व्यापारीहरूको 'मानसिक स्वास्थ्य'मा कुनै असर नपर्ला तर आम नेपालीका लागि 'सबैका लागि मानसिक स्वास्थ्य' टाढाको फल आँखातरी मर भने भैं भएको छ।

असलमा मानसिक स्वास्थ्य शब्द र यसले प्रदान गर्ने निकास नै अपूर्ण छ। मन चित्तको एउटा अंशमात्र हो। 'चित्त'को निर्माणमा शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक र आध्यात्मिक सबै प्रकारका भोगाइको योगदान हुन्छ। मनले मन अर्थात् माइन्ड शब्दले केवल भावनात्मक र बौद्धिक क्रियालाई प्रतिनिधित्व गर्छ तर चित्तभित्र शारीरिक, मानसिक तथा आध्यात्मिकतहका क्रियात्मक पक्ष समेत समेटिएका हुन्छन्। त्यसैले सम्पूर्ण मानसिक स्वास्थ्य (स्वस्थचित्त) प्राप्तिका लागि चित्त-शुद्धिको आवश्यकता पर्छ। चित्त-शुद्धि त्यो क्रिया वा सैद्धान्तिक अवधारणा जसले भौतिक (शरीर) दैविक (मानसिक) तथा आध्यात्मिक (अस्तित्व) सम्बन्धी समस्याहरू समाधान भएपछि प्राप्त हुन्छ। चित्त-शुद्धि अन्तर्गत काम, क्रोध, लोभ, मोह, ममता आदिको संयमित उपयोगको अभ्यास गराइन्छ। चित्त-शुद्धिको अबधारणाले भन्छ- मान्छेले प्रकृतिसँग बढी समन्वय गर्दै जीवनयात्रा गर्नुपर्छ। सुख, सन्तोष, आनन्द तथा पूर्णता जीवनको लागि अनिवार्य लक्ष हुनुपर्छ तर यी लक्षहरू केवल भौतिक वस्तुले प्राप्त मानसिक सन्तुष्टिबाट प्राप्त हुन्छ भनेर सोच्नु पूर्वाग्रह हो। आधुनिक साइकोलोजीले यो तथ्य बल्ल बुझ्न आरम्भ गरेको छ।

ऋषि शुकदेवले भनेका छन् 'इन्द्रीयहरूलाई जतिधेरै विषयसुखको भोगी बनायो, ती त्यति नै नयाँ सुखको लागि व्याकुल हुने छन्। चित्त-शुद्धिको पहिलो पाइला इन्द्रियहरूलाई नियमित गर्नबाट आरम्भ हुन्छ। इन्द्रीयहरूको चाहनाहरूलाई नियमित गर्नुको अर्थ हो उपलब्ध संसाधनहरूभित्र रहेर अर्थात् आत्मनियन्त्रित भएर उपलब्ध साधनबाट अधिकतम सन्तोष प्राप्त गर्नु। दुर्भाग्यवश, आजको मनोविज्ञानले चित्तलाई पनि 'क्यापिटल'जस्तै व्यवहार गर्छ।

ऋषि शुकदेवले भनेका छन् ' इन्द्रीयहरूलाई जतिधेरै विषयसुखको भोगी बनायो, ती त्यति नै नयाँ सुखको लागि व्याकुल हुने छन्। चित्त-शुद्धिको पहिलो पाइला इन्द्रियहरूलाई नियमित गर्नबाट आरम्भ हुन्छ। इन्द्रीयहरूको चाहनाहरूलाई नियमित गर्नुको अर्थ हो उपलब्ध संसाधनहरूभित्र रहेर अर्थात् आत्मनियन्त्रित भएर उपलब्ध साधनबाट अधिकतम सन्तोष प्राप्त गर्नु। दुर्भाग्यवश, आजको मनोविज्ञानले चित्तलाई पनि 'क्यापिटल'जस्तै व्यवहार गर्छ।

चित्त-शुद्ध भएपछि चित्त शान्त हुन्छ। चित्त प्रसन्न हुन्छ। चित्त दुख्न, बल्न, घुम्न छोड्छ। एउटा कुरा पक्का हो 'क्यापिटल' को एउटा मोहरा बनाउने आधुनिक शिक्षा प्रणालीमा चुर्लुम्म डुबेको हामीजस्तो मनुवाले यो तथ्य बुझ्न सक्दैनौं किनभने क्यापिटलले आमाको प्रेम, बहिनीको माया, श्रीमतीको सहृदयीपन र साथीभाइको मिठासमा समेत 'कम्पिटिसन' र स्वार्थ देख्छ। हो, निस्वार्थ त्यति सजिलो छैन तर स्वार्थको मात्रा न्यून बनाउने काम चाहिं चित्त-शुद्धिको क्रियाले मात्र गर्न सक्छ। एक पटक आफूतिर फर्केर मूल्यांकन गरौं - के आजका तमाम मानसिक तनाव, चिन्ता, डर, उदासीपनजस्ता मानसिक अवस्थाहरू हाम्रो स्वार्थ र त्यसको आपूर्तिमा हामीले आर्जन गर्ने 'क्यापिटल'को हात छैन त ? अवश्य छ।

जबसम्म हामीले स-सानो उपलब्धिमा वा यथास्थितिको अवसरलाई प्रसन्नता र खुसीका रूपमा अंगीकार गर्दैनौं, मानसिक स्वास्थ्य पनि कसैको क्यापिटल प्राप्त गर्ने एउटा मार्केटिङ विधिबाहेक केही हुने छैन। हामी प्रसन्न रहन आफ्नो मौलिक संस्कृति, सभ्यता तथा चालचलनमा रम्न सक्नुपर्छ। ससानो खुसीका अवसरहरूलाई खुशी हुने उत्सव बनाउन सक्नुपर्छ भने उपलब्ध साधनहरूलाई प्रयोग गरेर अधिकतम शारीरिक सन्तोषको बाटोमा हिड्नु पर्छ।

क्यापिटल आजको आवश्यकता हो, सबैलाई चाहिन्छ तर आमाको माया, बाबुको प्रेम, साथीको न्यानोपन तथा मायालुको मायालाई समेत 'क्यापिटल'मा रुपान्तरित गर्ने संस्कारले हामी खुसी हुनै सक्दैनौं। त्यसैले चित्त शुद्धिको अभ्यास गरौं, चित्त खुसी भयो भने हामी सबैको चित्त बुझ्छ। चित्त बुझ्नुको अर्थ हो - हामी शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक रूपमा स्वस्थ छौं।

(लेखक उपाध्याय त्रिभुवन विश्वविद्यालय अन्तर्गतको त्रिचन्द्र बहुमुखी क्याम्पसमा दर्शन तथा मनोविज्ञान विषयका प्राध्यापक हुनुहुन्छ।)श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# प्रधानमन्त्री देउवा सातौँपटक विजयी



डडेल्धुरा । डडेल्धुराबाट प्रतिनिधिसभा सदस्यका लागि प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जित हासिल गर्नुभएको छ। योसँगै उहाँ यही जिल्लाबाट प्रतिनिधिसभाका लागि सातौँपटक विजयी हुनुभएको हो।

कुल ५१ हजार दुई सय तीन मतमा कांग्रेस सभापति देउवाले २५ हजार पाँच सय ३४ मत प्राप्त गरी विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले जानकारी दिनुभयो । उहाँका प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार सागर ढकालले १३ हजार ४२ मत प्राप्त गर्नुभएको छ। अर्का उम्मेदवार नेपाली कांग्रेस (विपी)का कर्णबहादुर मल्लले सात हजार पाँच सय ३५ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचनको कार्यालयले जनाएको छ।

देउवा विसं २००३ जेठ ३१ गते डडेल्धुराको असिग्राम गाविस-५ मटेला, रुवाखोलामा जन्मिनुभएको हो । विसं २०१७ देखि राजनीतिमा लाग्नुभएका देउवा कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घको पहिलो निर्वाचित अध्यक्षसमेत हुनुहुन्छ।

विसं २०४८ को आमचुनावमा देउवा डडेल्धुराबाट विजयी हुनुभयो। देउवा २०५१ र २०५६ को संसदीय चुनाव, विसं २०६४ र २०७० को संविधानसभा चुनाव तथा २०७४ को संसदीय चुनावमा डडेल्धुराबाट विजयी हुनुभएको थियो । यसपटक सातौँपटक पनि डडेल्धुराका मतदाता तथा अन्य साथीहरूको सहयोगमा जित हासिल भएको कांग्रेसका जिल्ला सचिव शेरबहादुर भण्डारीले जानकारी दिनुभयो ।रासस

# दुई पटक हारेकै क्षेत्रबाट शर्मा निर्वाचित, यस्तो छ राजनीतिक यात्रा



झापा । विसं २०७० बाट संसदीय राजनीतिमा होमिनुभएका नेपाली कांग्रेसका युवा नेता विश्वप्रकाश शर्मा यस पटक मात्रै निर्वाचित बन्न सफल हुनुभएको छ।

दुई पटकसम्म आफ्नै निर्वाचन क्षेत्रमा पराजित हुनुभएका शर्माले यस पटक भने नेकपा (एमाले)का उम्मेदवार अग्नि खरेललाई पराजित गर्दै संसदीय यात्रा तय गर्नुभएको हो। शर्मा विसं २०७० मा भएको निर्वाचनमा नेकपा (एमाले) नेता रविन कोइराला र २०७४ मा भएको निर्वाचनमा नेकपा (माओवादी केन्द्र)का उम्मेदवार राम कार्कीसँग पराजित हुनुभएको थियो ।

दुई पटक पराजय बेहोरेकै क्षेत्रबाट शर्माले यस पटक जित हासिल गर्नुभएको हो। झापा क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित शर्माले ३९ हजार छ सय २४ मत प्राप्त गर्नुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का स्थायी कमिटीसमेत रहनुभएका खरेलले २५ हजार तीन सय ४९ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत टङ्कबहादुर महतले जानकारी दिनुभयो । शर्मा र खरेलको मतान्तर १४ हजार दुई सय ७५ रहेको छ।

**शर्माको राजनीतिक यात्रा**

पर्शुराम र सावित्री शर्माका कान्छा छोरा हुनुहुन्छ विश्वप्रकाश। विसं २०२७ पुस ६ गते झापाको साविक शान्तिनगर गाविसमा उहाँको जन्म भएको हो। विसं २०३७ देखि विद्यार्थी आन्दोलनमा होमिनुभएका शर्मा नेपाली कांग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घको महामन्त्री हुँदै अध्यक्षसमेत हुनुभयो। हाल उहाँ नेपाली कांग्रेसको महामन्त्री हुनुहुन्छ।

सिर्जनशील युवा नेता शर्मा राजनीतिक विश्लेषक एवं साहित्यकारका रूपमा समेत पनि परिचित हुनुहुन्छ। शर्माले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। शर्माकी श्रीमती कविता, दुई छोरी स्वीकृति र शीर्षप्रकाश हुनुहुन्छ।

नेपाली कांग्रेसको १३ औँ महाधिवेशनबाट केन्द्रीय सदस्य बन्नुभएका शर्माले यसअघि पार्टीको केन्द्रीय प्रवक्ताको जिम्मेवारीमा रहेर काम गर्नुभयो। उहाँ पार्टीको १४ औँ महाधिवेशनबाट महामन्त्रीमा निर्वाचित हुनुभएको हो। सामान्य परिवारमा जन्मनुभएका शर्मा धुलाबारी माविमा कक्षा ९ मा अध्ययन गर्दा १४ वर्षको उमेरमा पहिलोपटक जेल पर्नुभएको थियो। नेविसङ्घ धुलाबारीको एकाइ सभापति बनेर राजनीतिमा पाइला चाल्नुभएका शर्माले नेविसङ्घ भद्रपुर क्याम्पसको सभापति बन्दै १२ औँ महाधिवेशनबाट नेविसङ्घ झापा सभापतिको जिम्मेवारी सम्हाल्दै राजनीतिमा अघि बढ्नुभएको थियो।

नेपाली कांग्रेसको १२ औँ महाधिवेशनमा पार्टीको झापा सभापतिमा प्रतिस्पर्धा गर्नुभएका शर्माले त्यसबेला उद्धव थापासँग २८० मतले पराजित हुनुपरेको थियो। तेह्रौँ महाधिवेशनमा समेत थापालाई सर्वसम्मत जिल्ला सभापति बनाएर आफू भने पार्टीको केन्द्रीय राजनीतिमा लाग्नुभएको थियो।

विसं २०७० को संविधानसभा निर्वाचनमा पहिलो पटक सहभागी बन्नुभएका शर्मा त्यसबेला नेकपा (एमाले) नेता कोइरालासँग पराजित हुनुभयो । विसं २०७४ को प्रतिनिधिसभा निर्वाचनमा नेकपा (माओवादी केन्द्र)का कार्कीसँग पराजित हुनुभएका शर्माले यस पटक नेकपा (एमाले) का पोलिटब्यूरो सदस्य खरेललाई पराजित गर्नुभएको हो । शालीन र सभ्य, तर्कपूर्ण अभिव्यक्ति र वाककलामा अब्बल शर्मा दृढ र आत्मविश्वासी नेताका रूपमा परिचित हुनुहुन्छ। सानैदेखि विद्रोही स्वभावका शर्मा बिपीका सच्चा अनुयायी हुनुहुन्छ ।रासस

# सोविताको संसदीय यात्रा

काठमाण्डु । पत्रकारिता र कानूनको पृष्ठभूमि भएकी सोविता गौतम काठमाडौँ क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा नयाँ अनुहारका रूपमा सङ्घीय संसद्मा प्रवेश गर्दै हुनुहुन्छ । लामो राजनीतिक पृष्ठभूमि भएका आफ्ना ठूला कदका प्रतिस्पर्धीलाई पछि पारेर स्थायी घर दोखलाको जफे भई हाल भक्तपुर बस्ने २७ वर्षीया गौतम यस पटकको निर्वाचनबाट संसदीय यात्रामा प्रवेश गर्नु लाग्नुभएको हो । केही समयअघि मात्रै गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट राजधानी काठमाडौँकै निर्वाचन क्षेत्रबाट पहिलो प्रयासमा नै उहाँ प्रतिनिधिसभा सदस्य बन्नुभएको छ।



गौतमले यो निर्वाचनमा पूर्वसभामुख तथा नेकपा (माओवादी केन्द्र) का उम्मेदवार ओनसरी घर्तीमगरलाई फराकिलो मतान्तरले पराजित गर्नुभएको छ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्य गौतमले नागरिकको आधारभूत आवश्यकता पूरा गर्दै भ्रष्टाचार न्यूनीकरण गर्न आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाउनुभयो। विजयपछि मतदातालाई धन्यवाद दिँदै उहाँले निर्वाचनका दौरानमा उठाएका जनताको मुद्दालाई सदनमा निरन्तर झकझक्याइरहने विश्वास व्यक्त गर्नुभयो।

एकप्रश्नको जवाफमा गौतमले संवैधानिक समाजवादलाई स्वीकार्दै विद्यमान प्रदेशसभा अलि भद्दा भएकाले पार्टीले प्रदेशसभामा उम्मेदवार नउठाएको प्रतिक्रिया दिनुभयो ।रासस

# कास्की-२(१) मा एमालेका कार्की विजयी

कास्की । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ अन्तर्गत कास्की-२(१) मा नेपाल कम्युनिष्ट पार्टी(एमाले)का उम्मेदवार भीमबहादुर कार्की विजयी हुनुभएको छ।

पोखरा सभागृहमा वुधवार बिहान सम्पन्न मतगणनामा एमालेका कार्कीले १० हजार पाँच सय ३१ मत ल्याएर गण्डकी प्रदेशसभामा विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टीका विजयबहादुर भण्डारीले पाँच हजार ८९३ मत ल्याउनुभयो। नेकपा(माओवादी केन्द्र)का विश्वप्रकाश लामिछानेले पाँच हजार पाँच सय ४० र हाम्रो नेपाली पार्टीका चेतबहादुर महतले दुई हजार ५९२ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

यसैगरी मङ्गोल नेशनल अर्गनाइजेशनका पदमबहादुर गुरुङले चार सय ९३, स्वतन्त्र उम्मेदवारहरू दीपकप्रसाद पौडेल ७२, दुर्गाकुमारी शर्मा ४५ र निशा थापाले ३४ मत ल्याउनुभएको छ। सो क्षेत्रमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी आठ उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका थिए ।रासस

# उदयपुर २ प्रदेशसभा १ मा माओवादीकामगर विजयी

कटारी। उदयपुर निर्वाचन क्षेत्र नं २ अन्तर्गत प्रदेशसभा १ मा नेकपा (माओवादी केन्द्र)का नारायण बुर्जा मगर विजयी हुनुभएको छ। उहाँले आठ हजार एक सय पाँच मत ल्याउँदा निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का देवराज राईले आठ हजार ७० मत प्राप्त गर्नुभयो। मगरले राईले ३५ मत अन्तरले पराजित गर्नुभयो। मगर २०७४ सालमा पनि यही क्षेत्रबाट निर्वाचित हुनुभएको थियो।

प्रदेशसभामा जम्मा १८ हजार छ सय ९९ मत खसेको थियो। यहाँ मङ्गोल नेसनल अर्गनाइजेसनका नरबहादुर थापाले आठ सय ६३ मत ल्याएर तेस्रो स्थान प्राप्त गर्दा राप्रपाका माला तामाङले चार सय ३२ मत ल्याएर चौथो स्थानमा रहनुभयो। जनतासमाजवादी पार्टीका घनश्याम कटुवालले तीन सय ६६ मत ल्याउनुभयो ।रासस

# वसिउद्दिन खाँ निर्वाचित

रुपन्देही । रुपन्देही-४ (२) मा नेपाली काङ्ग्रेसका वसिउद्दिन खाँ विजयी हुनुभएको छ। एघार हजार तीन सय पाँच मतका साथ खाँ प्रदेशसभा सदस्यमा दोस्रोपटक निर्वाचित हुनुभएको हो।

चालिस हजार नौ सय ६३ मतमध्ये खाँका निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक समाजवादी पार्टीका मोहनलाल यादवले आठ हजार दुई सय ६५ मत प्राप्त गर्नुभएको छ भने जनमत पार्टीका अर्जुनप्रसाद जयसवालले सात हजार छ सय ६१ मत पाउनुभएको निर्वाचन अधिकृत देवेन्द्रराज आचार्यले जानकारी दिनुभयो। यस क्षेत्रमा प्रतिनिधिसभा सदस्यको मतगणना जारी रहेको छ। प्रतिनिधिसभामा लोकतान्त्रिक समाजवादीका सर्वेन्द्रनाथ शुक्ल अगाडि हुनुहुन्छ।

**गोरखा-१(२) मा कांग्रेसका न्यौपाने विजयी**

गोरखा । गोरखा-१(२) मा नेपाली कांग्रेसका नन्दप्रसाद न्यौपाने विजयी हुनुभएको छ। वुधवार बिहान सम्पन्न भएको मतगणनामा न्यौपाने १६ हजार दुई सय ६१ मत ल्याएर विजयी हुनुभएको सहायक निर्वाचन अधिकृत गोर्कणराज पन्तले जानकारी दिनुभयो।

उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार मोहनप्रसाद भट्टराईले सात हजार पाँच सय ३३ मत प्राप्त गर्नुभएको छ । न्यौपानेले आठ हजार सात सय २८ मतको मतान्तरले निर्वाचन जित्न सफल हुनुभएको हो। उहाँ वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट उम्मेदवार हुनुहुन्थ्यो । न्यौपाने नेपाली कांग्रेस गोरखाको सभापतिसमेत हुनुहुन्छ।

**कास्की-२ (१)मा एमालेका कार्की विजयी**

लेखनाथ । कास्की-२(१) मा नेकपा (एमाले)का उम्मेदवार भीमबहादुर कार्की विजयी हुनुभएको छ। कार्की १० हजार पाँच सय ३१ मतसहित विजयी हुनुभएको हो । विजयी कार्कीका निकटतम् प्रतिद्वन्द्वी राप्रपाका विजयबाबु भण्डारीले पाँच हजार आठ ९३ मत प्राप्त गर्नुभएको छ।

**काठमाण्डु -७ (१)मा नेकपा (एकीकृत समाजवादी)का मानन्धर विजयी**

काठमाण्डु। काठमाण्डु-७ (१) मा नेकपा (एकीकृत समाजवादी) का उम्मेदवार वसन्तप्रसाद मानन्धर विजयी हुनुभएको छ। गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको आज बिहान सम्पन्न प्रदेशसभा (१)को मतगणनामा एकीकृत समाजवादीका मानन्धरले चार हजार एक सय ५३ मत प्राप्त गरी विजयी हुनुभएको निर्वाचन अधिकृत उषा श्रेष्ठले राससलाई जानकारी दिनुभयो।

यस्तै नेकपा (एमाले)का उम्मेदवार जीवन मानन्धरले तीन हजार दुई सय पाँच र राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार रोजिना गुरुङले दुई हजार नौ सय ६० मत प्राप्त गर्नुभएको छ । काठमाडौं महानगरपालिकाभित्रको म्हैपी, बालाजु, क्षेत्रपाटी, नयाँबजार, सोह्रखुट्टे ठमेल, धोबीचौर, ठहिटी, भुरुङखेल, नरदेवी, न्हयैखा, मछिन्द्रटोलमा पर्ने उक्त प्रदेशमा महानगरका १६, १७, १८ र २५ वडा पर्दछन्। उक्त क्षेत्रमा १६ हजार एक सय दुई मतगणना गरिएको थियो।

**नवलपरासी (बर्दघाट सुस्ता पूर्व)-२ को दुवै प्रदेशमा एमाले विजयी**

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्ता पूर्व)-२ को दुवै प्रदेशमा नेकपा (एमाले)का उम्मेदवार विजयी हुनुभएको छ। क्षेत्र-२ (१) र (२) मा क्रमशः एमाले नेतृ पद्मा जिसी श्रेष्ठ र लक्ष्मण पाण्डे विजयी हुनुभएको हो।

श्रेष्ठले १९ हजार तीन सय ७८ ल्याएर विजयी हुनुभएको छ भने उहाँका प्रतिस्पर्धी नेकपा (माओवादी केन्द्र)का सौगमकुमार सिरपालीले १४ हजार सात सय ४३ मत ल्याउनुभएको छ । यो क्षेत्रमा विसं २०७४ को निर्वाचनमा कांग्रेस विजयी भएको थियो । त्यसैगरी (२) मा पाण्डेले १८ हजार आठ सय छ मत पाउनुभएको छ भने उहाँका प्रतिस्पर्धी नेकपा (एकीकृत समाजवादी)का गोपाल खनालले १४ हजार सात सय ६१ मत पाउनुभएको छ। रासस

# नेपालको निर्वाचन व्यवस्थापमा सुधार : अध्यक्ष थोउफिक

काठमाण्डु। मङ्सिर ४ गतेसम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको अवलोकनका लागि आउनुभएका माल्दिभ्सको निर्वाचन आयोगका अध्यक्ष फुवाद थोउफिकले नेपालमा विगतको तुलनामा निर्वाचन व्यवस्थाप र प्रक्रियामा सुधार देखिएको बताउनुभएको छ।

निर्वाचन अवलोकन र नेपालको भ्रमण सकेर वुधवार स्वदेश फर्कनुअघि अध्यक्ष थोउफिकले आफू विसं २०७० को निर्वाचनमा पनि नेपालमा आएको अनुभन सुनाउँदै अहिलेको निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीले मतदाताहरूलाई देखाएको सहभागिता र समन्वय उदाहरणीय रहेको बताउनुभयो । काठमाडौं, ललितपुर र काभ्रेपलाञ्चोकका गरी आठ मतदानस्थलको अवलोकन गर्नुभएका उहाँले नेपालको निर्वाचन प्रणाली र व्यवस्थापनबारे पाइएका असल अभ्यास आफूले माल्दिभ्समा जानकारी गराउने राससलाई जनाउनुभयो।

विकासोन्मुख मुलुकहरूका लागि विद्युतीय मतदान प्रणालीमा जान मतदाताहरू तत्पर भइनसकेको पाइएको टिप्पणी गर्दै उहाँले हरेक निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका सङ्कलन गरिरहनुभन्दा मतदानस्थलपिच्छे नै मतगणना गर्न सकिने विषयमा नेपालले सोच्नुपर्ने सुझाव दिनुभयो। रासस

# बागलुङ १ मा मतान्तर बढाउँदै चित्रबहादुर केसी

गलकोट । बागलुङ निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले अग्रता कायमै राख्नुभएको छ । सोमबारदेखि सुरु भएको मतगणनामा वुधवार बिहान ८ बजेसम्म हालसम्म ३० हजार एक सय ४६ मत गणना सकिएको छ।

जसमा लोकतान्त्रिक गठबन्धनका तर्फबाट राष्ट्रिय जनमोर्चाका केसीले १२ हजार चार सय मत प्राप्त गर्नुभएको छ। उहाँलाई नेकपा (एमाले)का डा सूर्यप्रसाद पाठकले १० हजार आठ सय ८२ मतका साथ पछ्याइरहनु भएको छ।



यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका खिमानन्द कँडेलले पाँच हजार दुई सय ४८, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मीप्रसाद सापकोटाले चार सय २९, नेपाली कांग्रेस विपीका शिवलाल सापकोटाले ५५ र स्वतन्त्र उम्मेदवार चन्द्रबहादुर क्षेत्रीले एक सय २५ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत डा दिवाकर भट्टले जानकारी दिनुभयो । हालसम्म एक हजार ३४ मत बदर भएको छ ।रासस

मधेश प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**जनकपुरधाम, धनुषा**

## कृषि यन्त्र उपकरण आपुर्तिकर्ता फर्म/कम्पनी सुचीकरण सम्वन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०८/०८**

यस मन्त्रालयको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेशका आठ वटै जिल्लामा विभिन्न कार्यक्रमबाट कृषक स्तरमा कृषि/पशुपन्छी/मत्स्य उत्पादन सामाग्री आपूर्ति गर्न "यन्त्र उपकरणको आपूर्तिकर्ता सूचिकरण तथा मूल्य निर्धारण कार्यक्रम" रहेको हुँदा यस मन्त्रालयले निर्धारण गरेको प्राविधिक स्पेशिफिकेसन अनुसारका कुनै एक वा एक भन्दा वढी किसिमका कृषि यन्त्र उपकरण आपुर्ति र जडान गर्न ईच्छुक ईजाजत प्राप्त फर्म/कम्पनीहरुलाई सुचिकृत गर्न २०७९/०८/२३ गते (सो दिन विदा भएमा त्यसपछि कार्यालय खुलेको दिन) कार्यालय समयभित्र सम्म यस मन्त्रालयमा आई पुग्ने गरी प्रति इकाई दरभाउ सहितको सिलबन्दी आवेदन (प्रस्ताव) पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। आवेदन (प्रस्ताव) फारम रु. एक हजार मात्र (पछी फिर्ता नहुने गरी) भुक्तानी गरी यस मन्त्रालयवाट प्राप्त गर्न सकिन्छ। रित पुगेका र म्याद भित्र प्राप्त भएका, आपुर्तिकर्ता शर्त पुरा गरेका, प्राविधिक स्पेशिफकेशन र दरभाउ स्पष्टरुपले पेश गरेका प्रस्तावहरु मात्र सुचिकृत गरिनेछ। यस सम्वन्धी विस्तृत जानकारी यस मन्त्रालयको वेभसाईट molmac.madhesh.gov.np बाट प्राप्त गर्न सकिनेछ। प्रस्ताव खोल्ने मिति पछि प्रकाशित गरिनेछ।

**कृषि यन्त्र उपकरण सम्वन्धि शर्त/मापदण्डहरू**

- यस सूचना साथ संलग्न सूचीमा रहेका कृषि यन्त्र उपकरणहरु मध्ये आपुर्ति गर्न चाहेको कृषि यन्त्र उपकरणको प्राविधक स्पेशिफिकेसन र सोको मु.अ. कर सहितको दरभाउ सम्वन्धि विवरण उल्लेख गर्नु पर्नेछ।
- पेश गरेको सम्पुर्ण कागजातहरुको प्रतिलिपि स्व प्रमाणित गरि पेश गर्नु पर्नेछ।
- सहिछाप नगरी पेश भएको प्रस्तावलाई सूचीकरण प्रकृयामा समावेश गरिनेछैन।

**आवश्यक कागजातहरू**

१. रु.१०।- को हुलाक टिकट टाँस गरेको प्रस्ताव पत्र।
२. संस्था दर्ता तथा नवीकरण गरेको प्रमाण पत्र, स्थायी लेखा नं. (प्यान/मूअ कर), आ.व. ०७८/७९ को कर चुक्ता प्रमाण पत्र वा कर बुझाउन म्याद थप स्विकृति पत्र, विगत दुई वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी।
३. कृषि यन्त्र उपकरण सम्वन्धि करोवार गर्ने अधिकारिक ऐजेन्ट (Authorized Agent) वा डिलर भएको प्रमाण पत्र।
४. आपुर्तिगर्न चाहेको कृषि यन्त्र उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन खुल्ने क्याटलग वा लिफलेट।


कृषि यन्त्र उपकरणहरुको प्राविधिक स्पेशिफिकेसन अनुसार परिमाण र गुणस्तर यकिन गर्ने, आपुर्ति र जडानको समय र विधि तोक्ने, अनुदान ग्राहि छनौट गर्ने,कारोवारको सिमा अनुसार थप कार्यसम्पादन जमानत माग गर्ने र द्विविधा/विवाद समाधान गर्ने, सूचीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार मन्त्रालयमा निहित रहनेछ।

**डा. नम्रता सिंह**
**सचिव**

# ब्राजिलका निवर्तमान राष्ट्रपति बोल्सोनारोले निर्वाचन परिणामलाई चुनौती दिँदै रिट दायर

एएफपी

ब्रासिलिया । ब्राजिलका निवर्तमान राष्ट्रपति जायर बोल्सोनारोले निर्वाचन परिणामलाई औपचारिक रूपमा चुनौती दिन अदालतमा निवेदन दायर गर्नुभएको छ । बोल्सोनारोले गत महिना भएको राष्ट्रपतीय निर्वाचनमा लुइज इनासियो लुला डा सिल्भाले झिनो मतान्तरले विजय हासिल गरेपछि निर्वाचन परिणामप्रति असन्तुष्टि व्यक्त गर्दै आउनुभएको छ ।



नोभेम्बर २२ मा दायर गरिएको निवेदनमा बोल्सोनारो र उहाँको लिबरल पार्टीका नेताहरूले केही मतदान यन्त्रमा खराबी आएको दाबी गर्दै उनीहरूमार्फत खसेको मत खारेज गर्न माग गर्नुभएको थियो । चुनावको परिणामपछि बोल्सोनारोले राष्ट्रपति चुनावमा आफ्नो हारलाई अस्वीकार गर्दै आउनुभएको छ। यद्यपि, उहाँले संविधानका सबै प्रावधानहरूलाई मानेर अघि बढ्ने बताउनुभएको छ । सीएनएनको रिपोर्टअनुसार लेबर पार्टीले आफूले नियुक्त गरेको कम्पनीले गरेको विश्लेषणलाई उद्धृत गर्दै उक्त मत हटाउँदा बोल्सोनारोले चुनाव जित्ने दाबी गरेको छ। बोल्सोनारोको निवेदनको जवाफमा ब्राजिलका निर्वाचन अधिकारीहरूले पहिलो चरणको चुनावमा पनि सोही भोटिङ मेशिनको प्रयोग गरिएको बताएका छन् ।

सीएनएन ब्राजिलको रिपोर्टलाई उद्धृत गर्दै सीएनएनले लेखेकोछ, 'निर्वाचन अधिकारीहरूले बोल्सोनारो र उहाँको पार्टीले आफ्नो उजुरीलाई परिमार्जन गर्न र कानुनी प्रक्रिया सुरु गर्न पहिलो चरणको निर्वाचनको परिणाम समावेश गर्नुपर्नेमा जोड दिएका छन् । ब्राजिलको सर्वोच्च निर्वाचन अदालतका मुख्य न्यायाधीश एलेक्जेन्डर मोरासले बोल्सोनारो र उनका निवेदकलाई आफ्नो उजुरी परिमार्जन गर्न २४ घण्टाको समय सीमा दिनुभएको छ।

निर्वाचनमा लुइस इनासियो लुला डा सिल्भाले छ करोडभन्दा बढी मत प्राप्त गरेका थिए । ब्राजिलको इतिहासमा सबैभन्दा बढी हो । ब्राजिलको निर्वाचन अधिकारीका अनुसार लुइज इनासियो लुला डा सिल्भाले ५०.९० प्रतिशत मत प्राप्त गर्नुभएको छ भने बोल्सोनारोले ४९.१० प्रतिशत मत प्राप्त गर्नुभएको छ।

सीएनएनको रिपोर्टअनुसार अक्टोबर ३० मा समर्थकहरूलाई सम्बोधन गर्दै भन्नुभयो, "उनीहरूले मलाई जिउँदै गाड्ने प्रयास गरे र म यहाँ छु। लुइज इनासियो लुला डा सिल्भाले सन् २०२३ को जनवरी १ देखि देशको शासन गर्ने घोषणा गरेका छन् । उहाँ सन् २००३ देखि २०१० सम्म लगातार दुई कार्यकाल ब्राजिलको राष्ट्रपति हुनुभएको थियो।

भ्रष्टाचारको आरोप लागेपछि उहाँले राष्ट्रपति चुनावमा पुनरागमन गर्दै ५८० दिनको जेल सजाय सुनाइएको थियो । तर अदालतले लुला डा सिल्भालाई दिइएको सजाय पछि खारेज गरिदिएको छ।

# अफगानिस्तानले एक करोड ७० लाख अमेरिकी डलर लिलाम गर्ने

सिन्ह्वा

काबुल । अफगानिस्तानको केन्द्रीय बैंक (डीएबी) ले राष्ट्रिय मुद्राको विनिमय दर लाई स्थिर गर्ने प्रयासको एक भागको रूपमा १७ मिलियन अमेरिकी डलर लिलाम गर्ने निर्णय गरेको छ।

विगत केही सातादेखि विदेशी मुद्रा विशेषगरी अमेरिकी डलरको तुलनामा अफगानिस्तानको मुद्रा अफगानी मुद्रामा गिरावट आएको छ।

गत साता एक अमेरिकी डलरको विनिमय दर ८८ अफगानी थियो भने मङ्गलबार स्थानीय मुद्रा सटही बजारमा यो दर ८९ अफगानी थियो ।

विगत केही महिनायता सङ्कटग्रस्त अफगानिस्तानको केन्द्रीय बैंकले विदेशी मुद्राको तुलनामा अफगानीको अवमूल्यन रोक्नका लागि देशको मुद्रा परिवर्तन गर्ने बजारमा लाखौं अमेरिकी डलर भित्राएको छ।

युद्धग्रस्त एसियाली मुलुक अफगानिस्तानको अर्थतन्त्रलाई स्थायित्व प्रदान गर्न अन्तर ाष्ट्रिय समुदायको मानवीय सहायताअन्तर्गत गत वर्ष एक अर्ब ५० करोड अमेरिकी डलरभन्दा बढी नगद प्राप्त गरेको छ।

# हत्या-आतङ्कमा उत्रेको युक्रेनको आरोप

एएफपी

किएभ। युक्रेनले रुस हत्या गर्ने तथा आतङ्क फैलाउन उद्यत रहेको आरोप लगाएको छ। प्रसूतिगृहमा समेत आक्रमण गरेर रुसले हत्या र आतङ्कको सहारा लिएको युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले बताउनुभएको छ।

दक्षिणी जापोरिझिया क्षेत्रमा अवस्थित प्रसूतिगृहको एउटा कक्षमा रुसले बुधबार आक्रमण गर्दा एकजना नवजात शिशुको मृत्यु भएपछि क्रुद्ध हुनुभएका युक्रेनी राष्ट्रपतिले "नौ महिनामा हासिल गर्न नसकेको लक्ष्य अब दुश्मनले हत्या र आतङ्कका माध्यमबाट हासिल गर्ने प्रयास गरिरहेको छ तर त्यसमा पनि असफल हुनेछ,' युक्रेनमा भएका नराम्रा कामका निम्ति मस्को जिम्मेवार रहेको उल्लेख गर्दै सामाजिक सञ्जालमा लेख्नुभएको छ।

# क्रिस्टियानो रोनाल्डोले छाडे म्यानचेस्टर युनाइटेड

बिबिसी

काठमाण्डु । स्टार फुटबलर क्रिस्टियानो रोनाल्डोले म्यानचेस्टर युनाइटेड क्लब छाडेका छन्। ३७ वर्षीय रोनाल्डोको पछिल्लो समय क्लब र प्रशिक्षक इरिक टेन ह्यागसँग सम्बन्ध खराब भएको थियो।



एक अन्तर्वार्तामा आफूलाई सम्मान नगर्ने प्रशिक्षकप्रति आफ्नो पनि सम्मान नभएको बताएका थिए।

रोनाल्डो र क्लब दुवैले युनाइटेड छाड्ने निर्णय आपसी समझदारीमा लिइएको जनाएका छन्। रोनाल्डोले क्लब छाड्ने निर्णय तत्कालै लागू भएको क्लबले जनाएको छ। युनाइटेडले रोनाल्डोलाई उनले ओल्ड ट्राफोडमा गरेको योगदानका लागि धन्यवाद समेत दिएको छ। रोनाल्डो हाल कतारमा छन्। उनी पोर्चुगलका कप्तानका रूपमा विश्वकप खेल्दै छन् । रोनाल्डोले आफूलाई युनाइडेट क्लबसँग माया भए पनि आफ्नाका लागि नयाँ चुनौती रोज्ने समय आएको बताएका छन्। रोनाल्डो चेल्सी जाने चर्चा चलिरहेको छ।

## विश्वकप फुटबल

# अर्को खेल पनि बराबरीमा सकियो, मोरक्को र क्रोएसियाले अंक बाँडे

एजेन्सी

काठमाण्डु। फिफा विश्वकप २०२२ अन्तर्गत मोरक्को र क्रोएसियाले अंक बाँडेका छन्। बुधबार भएको समूह 'एफ' को खेलमा दुवै टिमले गोलरहित बराबरी खेलेर अंक बाँडेका हुन् ।




खेलमा अघिल्लो संस्करणको उपविजेता क्रोएसिया हाबी भए पनि फिनिसिङ गर्न भने चुकेको थियो। क्रोएसिया र मोरक्को दुवैले सात सात प्रहार पोस्टमा प्रहार गर्दा दुई दुई प्रहार अनटार्गेट थिए। जारी विश्वकपको यो चौथो बराबरी हो ।

यसअघि अमेरिका र वेल्स, डेनमार्क र ट्युनिसिया तथा मेक्सिको र पोल्यान्डले पनि बराबरी खेलेका थिए। जसमा अमेरिका र वेल्सले एक एक गोलको बराबरी खेल्दा बाँकी दुई खेल गोलरहित बराबरीमा सकिएका थिए।

# क्रेमलिनका आलोचक यासिनविद्ध सुनुवाई सुरु

एएफपी

मस्को । रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि गरेको आक्रमणको निन्दा गरेको अभियोगमा एक दशकसम्म जेल सजाय भोगिरहेका विपक्षी नेता इल्या याशिनविरुद्ध रूसको एक अदालतले बुधबार सुनुवाइ सुरु गरेको छ।

मस्काका सिटी काउन्सिलर ३९ वर्षीय याशिनसहित रूसको युक्रेन आक्रमणप्रति आलोचना गर्ने अधिकांश विपक्षी नेता कार्यकर्तालाई सुरक्षा नियन्त्रणमा राखिएको छ वा वा देशबाहिर जान बाध्य पारिएको छ।

पुटिनले फेब्रुअरी २४ मा युक्रेनमा सेना पठाएपछि यासिनले देश छाड्न अस्वीकार गरेको विपक्षी समूह निकट रूसी सञ्चारमाध्यमले जनाएका छन् ।

जेलमा रहेका विपक्षी नेता एलेक्सी नाभाल्नीका सहयोगी मानिने उहाँ सन् २०१५ मा क्रेमलिन नजिकै हत्या गरिएका विपक्षी नेता बोरिस नेमत्सोभसँग नजिक हुनुहुन्थ्यो ।

एएफपीका एक संवाददाताका अनुसार मस्कोको मेश्चान्स्की जिल्ला अदालतमा बुधबार प्रतिवादीको रूपमा उभिएका याशिनले साहसी अनुहार देखाउन प्रयत्न गरेको देखिन्थ्यो । गाढा हरियो रंगको हुडी र जिन्स लगाएका उहाँ अगाडिको पङ्क्तिमा रहेका आफ्ना आमाबाबुसँग मुस्कुराइरहेको पनि देखिन्थ्यो।

याशिनलाई गत गर्मीयाममा रुसको राजधानी मास्कोको एक पार्कमा हिँडिरहेको अवस्थामा पक्राउ गरिएको थियो । पुटिनले युक्रेनमाथि आक्रमण गरेपछि बनेको कानुनअनुसार रूसी सेनाबारे 'नक्कली' सूचना फैलाएको अभियोगमा उहाँलाई १० वर्षसम्म जेल सजाय तोकिएको छ।

# स्कटल्याण्डको स्वतन्त्रताका लागि मतदान गर्ने योजना अदालतद्वारा अस्वीकृत

एएफपी

लण्डन । बेलायतको उच्च अदालतले एडिनबर्गस्थित स्कटल्याण्डको सरकारले लण्डनको सहमतिबिना स्वतन्त्रतासम्बन्धी नयाँ जनमत सङ्ग्रह गर्ने प्रस्तावलाई बुधबार अस्वीकार गरेको छ।

अदालतको सर्वसम्मत फैसलाले स्कटल्याण्डको राष्ट्रवादी सरकारले अर्को वर्ष दोस्रो जनमत सङ्ग्रह गर्ने प्रयासलाई अस्वीकृत गरेको हो ।

स्कटिश नेसनल पार्टी (एसएनपी) ले उक्त बिषयमा आगामी आम निर्वाचनलाई संयुक्त अधिराज्यको बाँकी भागबाट अलग्गाएर वास्तविक मतदानमा परिणत गर्ने र संवैधानिक अराजकतालाई निम्त्याउने चेतावनी दिएको थियो।

अदालतका् निर्णयपछि प्रथम मन्त्री तथा एसएनपी नेता निकोला स्टर्जनले आफूले अदालतको फैसलाको सम्मान गरेको तर निराश भएको बताउनुभएको छ।

उहाँले ट्वीटमार्फत भन्नुभयो, "यदि स्कटल्याण्डले वेस्टमिन्स्टरको सहमति बिना आफ्नो भविष्य छनौट गर्न सक्दैन भने, बेलायतको स्वैच्छिक साझेदारीको सिद्धान्त 'मिथक' को रूपमा उजागर हुनेछ।'

सर्वोच्च अदालतका स्कटल्याण्डका प्रमुख रोबर्ट रीडले स्कटल्याण्डको विकेन्द्रीकरण सम्झौताअन्तर्गत जनमत सङ्ग्रहको आह्वान गर्ने अधिकार बेलायती संसदलाई 'सुरक्षित' रहेको बताउनुभएको छ।

"त्यसैले स्कटल्यान्डको स्वतन्त्रताका लागि जनमत सङ्ग्रहका लागि कानुन बनाउने अधिकार स्कटल्याण्डको संसदसँग छैन,' रीडले भन्नुभयो ।

एडिनबर्गमा स्टर्जनको एसएनपी नेतृत्वको सरकारले अर्को वर्षको अक्टोबरमा 'के स्कटल्याण्ड स्वतन्त्र देश हुनुपर्छ?' भन्ने प्रश्नमा मतदान गर्न चाहेको थियो।

सम्पूर्ण देशको संवैधानिक मामिला हेर्ने बेलायती सरकारले एडिनबर्गलाई जनमत सङ्ग्रह गर्ने अधिकार दिन पटक-पटक इन्कार गर्दै आएको छ।


पछिल्लो पटक सन् २०१४ मा ५५ प्रतिशत स्कटल्याण्डवासीले स्वतन्त्रतालाई अस्वीकार गरेको घटनाले एक पुस्ताका लागि यो प्रश्नको समाधान गरेको थियो।

तर स्टर्जन र उहाँको पार्टीले भने युरोपेली सङ्घबाट बेलायतको बहिर्गमनको आलोकमा अर्को स्वतन्त्रता जनमत सङ्ग्रहका लागि 'निर्विवाद जनादेश' आएको बताउनुभएको छ। स्कटल्याण्डका अधिकांश मतदाताले ब्रेक्जिटको विरोध गरेका थिए।

# विश्वकप फुटबलमा फ्रान्सको सानदार सुरूवात

एजेन्सी

कतार । फिफा विश्वकप २०२२ मा डिफेन्डिङ च्याम्पियन फ्रान्सले सानदार सुरूवात गर्न सफल भएको छ। समूह 'डी' को खेलमा फ्रान्सले अस्ट्रेलियालाई ४-१ गोलले हराउँदै सानदार सुरूवात गरेको हो।



खेलमा अग्रता भने अस्ट्रेलियाले लिएको थियो । अस्ट्रेलियाका लागि गुडविनले नवौं मिनेटमा गोल गरेका थिए। तर २७ मिनेटमा फ्रान्सका एड्रियन रबिअटले बराबरी गोल फर्काए।

३२ मिनेटमा ओलिभर जिरुडले गोल गर्दै फ्रान्सलाई अग्रता दिलाए। पहिलो हाफमा २-१ गोलले अघि रहेको फ्रान्सका लागि एमबाप्पेले ६८ औं मिनेटमा तेस्रो गोल गरेका थिए । ७१ मिनेटमा जिरुडले व्यक्तिगत दोस्रो तथा टिमका लागि चौथो गोल गर्न सफल भए। यो समूहको अर्को खेलमा डेनमार्क र ट्युनिसियाले बराबरी खेल्दै अंक बाँडेका थिए।

# भूकम्पमा परी कम्तीमा २२ जना घाइते

सिन्ह्वा

अङ्कारा। टर्कीको उत्तरपश्चिमी प्रान्त डुज्सेमा बुधबार बिहान गएको ५.९ याग्निच्युडको भूकम्पमा परी कम्तीमा २२ जना घाइते भएका स्वास्थ्यमन्त्री फहरेटिन कोकाले जानकारी दिनु भएको छ। भूकम्प स्थानीय समयानुसार बुधबार बिहान ४:०८ बजे गएको यसको केन्द्रविन्दु गोल्याका जिल्लामा रहेको टर्कीको विपद् तथा आपतकालीन व्यवस्थापन प्राधिकरणले जनाएको छ। भूकम्पको धक्का टर्कीको सबैभन्दा ठूलो सहर इस्तानबुल र आसपासका क्षेत्रमा महसुस गरिएको थियो। बिजुली अवरुद्ध भएको गोल्याकामा व्यापक आतङ्क मच्चिएको एनटिभीले जनाएको छ।

डुज्से प्रान्तमा सन् १९९९ मा गएको ७.२ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा करिब आठ सय जनाको ज्यान गएको थियो।

# इण्डोनेशिया भूकम्प, खोज तथा उद्धार जारी

एपी

सियानजुर । इण्डोनेशियाको मुख्य टापु जाभामा गत सोमबार ५.६ म्याग्निच्युडको भूकम्प हुँदा दुई सय ६८ जनाको मृत्यु भएको छ। एक हजारभन्दा बढी घाइत भएकाले मृतकको स्ख्या बढ्नसक्ने उद्धारकर्मीले बताएका छन् । सुरक्षा अधिकारीले खोजी तथा उद्धारलाई अझ तीव्र गतिमा अघि बढाएका छन् ।

भूकम्पबाट अधिक प्रभावित क्षेत्रमा थप उद्धारकर्मी र स्वयम्सेवक परिचालन गरिएका छन् भने हराएकाहरूको खोजी जारी छ । सियानजुर वरपरका क्षेत्रका धेरै स्थानमा पहिरो खसेको, इस्लामिक आवासीय विद्यालय, अस्पताल, सार्वजनिक सुविधाका स्थल र भवनहरू भत्केका छन् ।

भग्नावशेषबाट जीवित उद्धार गर्ने सम्भावना कम रहे पनि मृतकहरू भेटिनसक्ने अनुमानमा भग्नावशेष पन्छाउन स्वयम्सेवक दत्तचित्त भएर लागेका छन् । ठुल्ठूला साबेल, कोदालो, ज्यावल, हथौडी लिएर उनीहरू भग्नावशेषमा काम गरिरहेका छन् भने केही खाली हात नै खोजविनमा जुटेका छन् ।

प्रहरी बलले दुई हजार र राष्ट्रिय सेनाले १२ हजार फौज परिचाल गरेर खोजी तथा उद्धारलाई तीव्र गतिमा अघि बढाएको राष्ट्रिय प्रकोप न्यूनीकरण एकाइका प्रमुख सुहार्यान्तोले बताएका छन् ।केही प्रभावित क्षेत्र अति दुर्गम भएकाले भारी सवारी साधनसहित उद्धारकर्मीलाई त्यहाँ पुग्न हम्मेहम्मे परेको छ।

# विश्वकप फुटबलमा पोल्यान्ड र मेक्सिकोको बराबरी

एजेन्सी

कतार । फिफा विश्वकप २०२२ अन्तर्गत समूह 'सी' मा मेक्सिको र पोल्यान्डले बराबरी खेलेका छन् ।




मंगलबार राति सकिएको खेलमा दुवै टिमले गोलरहित बराबरी खेल्दै अंक बाँडेका हुन्। खेलमा पोल्यान्डका लेवान्डोवस्कीको पेनाल्टीलाई मेक्सिकोका गोलकिपरले विफल पारेका थिए।

यसअघि यो समूहको खेलमा अर्जेन्टिनालाई साउदी अरेबियाले स्तब्ध पारेको थियो। मंगलबार नै भएको खेलमा साउदीले अर्जेन्टिनालाई २-१ गोलले हराएको थियो।

# आतङ्कवादीसँगको भिडन्तमा एक सैनिकको मृत्यु

सिन्ह्वा

इस्लामावाद । पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा सुरक्षाबल र आतङ्ककारीहरुबीच भएको भिडन्तमा एक सैनिकको मृत्यु भएको पाकिस्तानी सेनाले मङ्गलबार राति प्रकाशित विज्ञप्तिमा जनाएको छ।

यस प्रान्तको दक्षिणी वजिरिस्तान जिल्लाको सररोगर क्षेत्रमा सेना र आतङ्ककारीहरूबीच गोली हानाहान भएको सेनाको सञ्चार शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर) ले एक विज्ञप्तिमा जानकारी दिएको छ।

आफ्नै सेनाले प्रभावकारी रूपमा आतङ्ककारीको स्थानलाई संलग्न रहेको र गोलीबारीको तीव्र आदानप्रदानको क्रममा एक ३९ वर्षीया सिपाहीले आफ्नो ज्यान गुमाएका जनाएको छ । पाकिस्तानी सेना आतङ्कवादको खतरा हटाउन कटिबद्ध छ र 'हाम्रा बहादुर सिपाहीहरूको बलिदानले हाम्रो संकल्पलाई अझ बलियो बनाउँछ,' सेनाले भनेको छ।

# रुस र क्युबा सम्बन्ध विस्तारमा जोड

सिन्ह्वा

मस्को । रुस र क्युबाले आपसमा दुई देशबीचको सम्बन्धको विस्तारका लागि जोड दिएका छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र क्युबाको कम्युनिष्ट पार्टी तथा क्युबाली राष्ट्रपतिका प्रथम सचिव बीचको वार्ताका क्रममा सो सहमति भएको समाचारमा जनाइएको छ । रुस भ्रमणमा रहनुभएका क्युबाको कम्युनिष्ट पार्टी तथा क्युबाली राष्ट्रपतिका प्रथम सचिव मिगुल दियाज-क्यानेल बर्मुदिजले मङ्गलबार रुसी राष्ट्रपति पुटिनसँग भेटवार्ता गर्नुभएको थियो ।उहाँहरुका बीचमा भएको वार्तामा दुई देशले आपसको सम्बन्धलाई थप सुदृढ बनाउँदै लैजाने विषयमा कुराकानी भएको प्राप्त समाचारमा जनाइएको छ। सोभियत युनियन र रुसी नागरिक सधैँ क्युबाको पक्षमा रहेका छन् र क्युबाली नागरिकले उनीहरुको स्वतन्त्रता र देशका सार्वभौमिकताका पक्षमा गरेका संघर्षका पक्षमा छन्– पुटिनले सो भेटका क्रममा बताउनुभएको चिनियाँ समाचार समिति, सिन्ह्वाले जनाएको छ।

मङ्गलबार मस्कोमा भएको भेटवार्ताका क्रममा रुसी राष्ट्रपति पुटिनले आगामी दिनमा पनि यो सम्बन्धलाई थप सुमधुर बनाउने भन्दै विभिन्न अन्तर्राष्ट्रिय फोरममा रुसले क्युबाको पक्षमा समर्थन गर्ने जनाउनुभएको पनि सो समाचारमा जनाइएको छ। रुसको औपचारिक भ्रमणमा जानुभएका प्रथम सचिव बर्मुदिजले हाल रुसले विश्व राजनीतिमा प्रदर्शन गरेको भूमिकाको समर्थन गर्दै क्युबाको सहयोगका लागि रुसले खेलेको भूमिकाको पनि प्रशंसा गर्नुभएको थियो।

# साविक विजेता फ्रान्स विजयी

काठमाण्डु । कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ मा साविक विजेता फ्रान्स विजयी भएको छ। दोहास्थित अल जानुब स्टेडियममा वुधवार बिहान सम्पन्न खेलमा अष्ट्रेलियामाथि ४-१ गोलको जित निकाल्दै फ्रान्सले सुखद् सुरुआत गरेको हो । फ्रान्सको जितमा ओलिभर जेरुडले दुई गोल गरे। एड्रिन राबिओट र केलियन एमबाप्पेले एक-एक गोल गरे।

यता अष्ट्रेलियाका लागि भने क्रेग गुडविनले एक गोल गरे। खेलमा सुरुआती अग्रता भने अष्ट्रेलियाले लियो । खेलको नवौं मिनेटमा गुडविनले गोल गर्दै अष्ट्रेलियालाई सुरुआती अग्रता दिलाएका थिए। तर खेलको २७औं मिनेटमा फ्रान्सका एड्रिनले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । त्यसपछि खेलको ३२औं मिनेटमा जेरुडले गोल गर्दै फ्रान्सलाई पहिलो हाफमा २-१ को अग्रता दिलाए।

खेलको ६८औं मिनेटमा एमबाप्पेले गोल गर्दै फ्रान्सलाई ३-१ को अग्रता दिलाए । खेलको ७१औं मिनेटमा जेरुडले व्यक्तिगत दोस्रो गोल गरेपछि फ्रान्सले ४-१ को सहज जित निकालेको हो। यस जितसँगै फ्रान्सले पहिलो खेलमै तीन अङ्क जोडेको छ । समूह 'डी'को फ्रान्स शीर्षस्थानमा रहेको छ भने अष्ट्रेलिया पुछारमा रहेको छ ।रासस



जानकपुरधाम स्थित जानकी मन्दिरमा विवाहपञ्चमी महोत्सवमा सहभागी हुन आएका भारतीय श्रद्धालु पर्यटकहरु। साताव्यापकी विवाहपञ्चमी महोत्सव वुधवार देखी शुरु भएको छ। वुधवार नगरदर्शन गरिएको छ भने विहीवार फुलवारी लिला गरिने भएको छ। *तस्विर : संजीव*

# चालु आवको अन्त्यसम्म राजधानीका तीनवटै जिल्लामाएफटिटिएच सेवा पुऱ्याइने

काठमाण्डु । नेपाल टेलिकमले चालु आर्थिक वर्षको अन्त्यसम्ममा काठमाडौँ उपत्यकाका तीन वटै जिल्लामा फाइबर टु द होम (एफटिटिएच) सेवा पुऱ्याउने भएको छ।

राजधानीका मुख्य सहरी भागमा अहिले पनि एफटिटिएच सेवा पुगेकामा चालु आवको अन्त्यसम्म भने काँठ र ग्रामीण भेगमा लैजाने गरी तयारी गरिएको हो।

टेलिकमले सन् २०१५ जनवरीदेखि पाइलट प्रोजेक्टका रूपमा एफटिटिएच सेवा सुरु गरेको थियो। सन् २०१७ देखि भने व्यावसायिक रूपमा यो सेवा आरम्भ भएको नेपाल टेलिकमका सहायक प्रवक्ता रञ्जित लोहियाले जानकारी दिनुभयो। घर-घरमा फाइबर पुऱ्याउने उद्देश्यले यो सेवा सुरु गरिएको हो।

हालसम्म ६८ जिल्लाका मुख्य मुख्य सहरमा फाइबर सेवा पुगेको छ। गत वर्षमात्र एफटिटिएचको दुई लाख २६ हजार पोइन्ट जोडिएकोउहाँले बताउनुभयो। चालु आवमा एफटिटिएचका तीन लाख पोइन्टजोड्ने कार्यक्रम छ।

हालसम्म एफटिटिएच सेवाका लागि देशभर नौ लाख ५५ हजार छ सय ६६ पोइन्ट जोडिएको छ। हाल यो सेवाका ग्राहक भने दुई लाख ८६ हजार छन्।

एफटिटिएच सेवाका लागि पोइन्ट जोड्न भौतिक रूपमा काम गर्नुपर्ने भएकाले व्यावसायिक सेवा सुरु गरेको पाँच वर्षमा पनि देशभर सेवा बिस्तार गर्न नसकिएको सहायक प्रवक्ता लोहिया स्वीकार गर्नुहुन्छ।

कोरोना महामारीका कारण दुई वर्ष विदेशबाट सामग्री ल्याउन नसकिएकाले पनि एफटिटिएच सेवा विस्तारको काममा ढिलाइ भएको हो। यो काम काठमाडौँ उपत्यकाकामा भने २०८० साल असारसम्ममा सक्ने लक्ष्य राखिएको छ।

हालसम्म डोल्पा, मुगु, हुम्ला, कालिकोट, जुम्ला, रुकुम पूर्व, रुकुम पश्चिम, बझाङ र बाजुरामा एफटिटिएच सेवा पुग्न सकेको छैन। यस बाहेकका ६८ जिल्लामा यो सेवा पुगेको छ। जसमध्ये जुम्लामा भने काम भइरहेको टेलिकमले जनाएको छ।

एफटिटिएच सेवा लैजान घरअघि बक्स राखिन्छ। तार भूमिगत रूपमा लगिन्छ। बक्सबाट भने पोलबाट पनि तार लगिने जनाइएको छ।

तामाको तारमा आधारित प्रणालीमा रहेको एडिएसएल सेवाको इन्टरनेटलाई अप्टिकल फाइबर प्रणालीमा आधारित प्रविधिमा रुपान्तरण गर्न एफटिटिएच सेवा विस्तारलाई प्राथमिकतामा राखिएको हो। सबैतिर अप्टिकल फाइबर पुगेपछि तामाको तारमा आधारित प्रविधि बन्द गर्ने टेलिकमको तयारी छ।

एफटिटिएच प्रविधिबाट इन्टरनेटका साथै ग्राहकले टेलिभिजन र टेलिफोन सेवा पनिपाउने छन्। यी तीनै सेवा प्रदान गर्ने अरु इन्टरनेट प्रदायक संस्था नेपालमा छैनन्। यो प्रविधि जोड्नेले एक महिनामा मोबाइलमा १०६ जिबी डाटा पनि निःशुल्क पाउने व्यवस्था गरिएको छ।रासस

# महासंघका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र राजस्व समितिका सभापति सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल र कर तथा राजस्व समितिका सभापति संदीप कुमार अग्रवाल राष्ट्रिय कर दिवसका अवसरमा सम्मानित भएका छन्।

सरकारले धेरै कर तिर्ने उद्योगी र व्यवसायीलाई कर दिवसका अवसरमा सम्मानित गर्दै आएको छ।




वुधवार आयोजित कार्यक्रममा आर्थिक वर्ष २०७७/७८ मा वस्तु व्यापारतर्फ महासंघका अध्यक्ष गोल्छाको हंसराज हुलासचन्द एण्ड कम्पनी, वरिष्ठ उपाध्यक्ष ढकालको आइएमई लिमिटेड रेमिट्यान्सतर्फ र कर तथा राजस्व समितिका सभापति अग्रवालको शिवशक्ति घ्यू कम्पनी खानेतेल निर्याततर्फ बढी कर तिर्ने कम्पनीको रूपमा सम्मानित भएका हुन्।

अध्यक्ष गोल्छा, वरिष्ठ उपाध्यक्ष ढकाल र कर तथा राजस्व समितिका सभापति अग्रवाललाई महासंघ हार्दिक बधाई एवम् शुभ-कामना समेत दिएको छ।' स्वेच्छिक सहभागितासहितको फराकिलो कराधारः दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार' यस वर्षको नारा तय गरिएको थियो।

# वित्तीय क्षेत्रको बढी कर तिर्नेमा नबिल बैंक सातौ पटक सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तीय संस्थाहरूमध्ये सबैभन्दा बढी कर दाखिला गर्ने नबिल बैंकलाई आन्तरिक राजस्व विभागले सम्मानित गरेको छ।

विभागले राष्ट्रिय कर दिवसको अवसर पारेर प्रदान गरेको सम्मान पत्र बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्ञानेन्द्र प्रसाद ढुंगानाले ग्रहण गरेका हुन्। बैंकले उक्त आर्थिक वर्षमा २ अर्ब ७९ करोड रूपैयाँ कर सरकारलाई तिरेको थियो। पछिल्लो १० वर्षमा नबिल बैंक वित्तीय संस्थामा उच्च कर भुक्तानी गरेर सम्मानित भएको यो सातौ पटक हो।



नबिल हरेक तवरले अग्रणी स्थानमा रहेको बताउँदै सिइओ ढुंगानाले वित्तीय संस्थाहरूमध्ये सबैभन्दा बढी कर दाखिला गरी राज्यको वृद्धि विकासमा टेवा पुऱ्याउन पाउँदा खुशी लागेको बताए।

नेपालको निजी क्षेत्रको अग्रणी बैंक नबिलले २०७७/७८ सम्म राज्यलाई १८ अर्ब ३८ करोड रूपैयाँ कर बुझाएको छ। यो भनेको बैंकको तत्कालीन कुल पुँजीको १.३२ गुणा रकम हो। बैंकले आफ्ना लगानीकर्तालाई हालसम्म नगद लाभांश १४ अर्ब ४५ करोड रूपैयाँ तथा १८ अर्ब ८ करोड बराबरको बोनस शेयर वितरण गरिसकेको छ। बैंकिङ क्षेत्रमा सबैभन्दा बढी कर तिर्ने बैंकको परिचय बनाएको बैंकले आफ्ना राज्य र लगानीकर्तालाई आर्थिक योगदान पुऱ्याउँदै आफ्नो व्यवसाय र सेवा तीव्र विस्तार गर्दै अगाडि बढिरहेको जनाएको छ।


# पिपुल्स हाइड्रोपावरको आइपिओ बाँडफाँट

**टुडे समाचारदाता**

काठमाण्डु। पिपुल्स हाइड्रोपावरको आइपिओ बुधबार बाँडफाँट भएको छ। बिक्री प्रबन्धक सानिमा क्यापिटलको कार्यालयमा भएको बाँडफाँटमा कुल ५ लाख १५ हजार ७८८ जनाले १० कित्ताका दरले सेयर पाएका छन्। उक्त आइपिओमा १२ लाख ३० हजार ६०५ जना आवेदकले आवेदन दिएकोमा ३ हजार ५४६ जनाको आवेदन रद्द भएको बिक्री प्रबन्धकले जानकारी दिएको छ। कम्पनीले कात्तिक २५ गतेबाट कात्तिक २९ गतेसम्म उक्त आइपिओ बिक्री गरेको थियो।

कम्पनीले लागि प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यका ५६ लाख ६ हजार ३९० कित्ता आइपिओ निष्कासन गरेको थियो। जसमध्ये २ लाख ८० हजार ३२० कित्ता सामूहिक लगानी कोष र १ लाख ६८ हजार १९० कित्ता सेयर कर्मचारीहरूका लागि छुट्याइएको थियो। बाँकी ५१ लाख ५७ हजार ८८० कित्ताका लागि सर्वसाधारणमा बिक्रीमा आएको हो। लगानीकर्ताले बिक्री प्रबन्धक सानिमा क्यापिटलको वेबसाइट र मेरोसेयर एकाउन्टबाट आइपिओको नतिजा हेर्न सक्नेछन्।

# यो वर्ष जलविद्युत् उत्पादन क्षमता तीन हजार मेगावाट पुग्ने



**टुडे समाचारदाता**

काठमाण्डु । चालु आर्थिक वर्षभित्र नेपालको जलविद्युत् उत्पादन क्षमता करिब तीन हजार मेगावाट पुग्ने नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताएका छन्।

बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै घिसिङले यस्तो बताएका हुन्। तीन हजार मेगावाट विद्युत उत्पादन हुने हो भने जलविद्युत् क्षेत्रबाट करिब ५० अर्ब रोयल्टी र ५० अर्ब कर सरकारले पाउने उनले बताए।

हाल प्राधिकरण मातहतका जलविद्युत् आयोजनाहरूले मात्र एक अर्ब ७० करोड रोयल्टी सरकारलाई तिरिरहेको उनले बताए। अबको १५ वर्ष भित्रमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको पनि घिसिङले बताए।

'नेपालमा १५ हजार मेगावाट विद्युत उत्पादन भयो भने करिब पाँच खर्ब रुपैयाँ जलविद्युत क्षेत्रको रोयल्टी र ट्याक्स मात्रै आउने देखिन्छ। विदेशमा निर्यात गर्ने आयोजनाले अझ बढी कर तिर्ने हो,' उनले भने।

त्यसले गर्दा नेपालमा जति धेरै जलविद्युत् कम्पनी भयो त्यति नै राज्यलाई फाइदा पुग्ने उनको भनाइ छ। हाल नेपालले ११ अर्बभन्दा बढीको बिजुली भारत निर्यात गरेको उनले बताए।

'पहिला हामी यो बेलामा १० देखि ११ अर्बकै बिजुली आयात गर्थ्यौं भने अहिले निर्यात गरिरहेका छौं। विद्युत निर्यातले मुलुकको भुक्तानी सन्तुलनमा सहयोग पुऱ्याएको छ।'

# नेप्सेसँगै घट्यो कारोबार रकम

**टुडे समाचारदाता**

काठमाण्डु । बुधबार नेप्से परिसूचक ७.७२ अंकले घटेको छ। वुधवार नेप्से ०.४० प्रतिशतले घटेर १९२१.९९ बिन्दुमा पुगेर बन्द भएको छ। नेप्से परिसूचक बढेसँगै आज कारोबार रकम पनि कमी आएको छ।

अघिल्लो कारोबार दिन अर्थात् मंगलबार १ अर्ब ३५ करोड २८ लाख ८५ हजार ७७९ रुपैयाँ बराबरको सेयर कारोबार भएकोमा त्यो रकम घटेर आज १ अर्ब २ करोड २२ लाख ९३ हजार ५५२ रुपैयाँ पुगेको छ। यस दिन २२३ वटा धितोपत्रको २८ लाख ३९ हजार ३७३ कित्ता सेयर किनबेच भएको छ।

बुधबार सिभिल बैंकको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। कम्पनीको सेयर मूल्य १० प्रतिशतले वृद्धि भएसँगै सर्किट लागेको हो। कम्पनीको सेयर मूल्य प्रतिकित्ता मूल्य २३४ रुपैयाँ ३० पैसामा बन्द भएको छ।

हिमालयन बैंकसँग मर्जरमा जान लागेको सिभिल बैंकको मंगलबार कारोबार खुला भएको थियो। धितोपत्र बोर्डले जारी गरेको नयाँ निर्देशिका अनुसार कम्पनीको कारोबार खुला भएको हो।

हिमालयन बैंकको भने ७ प्रतिशतले सेयर मूल्य घटेर ३२६ रुपैयाँमा कारोबार बन्द भएको छ। त्यस्तै, घलेम्दी हाइड्रोको सेयर मूल्य ९.९८ प्रतिशतले बढेर प्रति कित्ता मूल्य २०५ रुपैयाँ कायम भएको छ।

यस दिन सेयर मूल्य सर्वाधिक घट्नेमा स्ट्याण्डर्ड चार्टर्ड बैंक रहेको छ। उक्त कम्पनीको सेयर मूल्य ७.७८ प्रतिशतले घटेर प्रति कित्ता मूल्य ४१८ रुपैयाँमा झरेको छ। त्यस्तै, नबिल ब्यालेन्सड् फण्डको इकाई मूल्य ४.७४ प्रतिशतले घटेर प्रति इकाई मूल्य ७ रुपैयाँ ४३ पैसा कायम भएको छ।

यस दिन सर्वाधिक सेयर खरिद-बिक्री नेपाल बैंकको भएको छ। कम्पनीको २८६ रुपैयाँमा १२ करोड ७७ लाख रुपैयाँ बराबरको सेयर खरिद-बिक्री भएको हो। यो मूल्य अघिल्लो दिनको तुलनामा १.०६ प्रतिशतले बढेको हो।

सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो सूचीमा हिमालयन डिष्टिलरी रहेको छ। उक्त कम्पनीको ३ हजार ८९२ रुपैयाँमा ११ करोड ९ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

त्यस्तै, वुधवार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये उत्पादन तथा प्रशोधन र व्यापार समूहको परिसूचक ०.८० र ०.२९ प्रतिशतले बढेको छ भने बाँकी सबै समूहको परिसूचक घट्दा समग्र नेप्से घटेको हो। यस दिन अन्य समूहको परिसूचक सर्वाधिक ०.७८ प्रतिशतले घटेको छ।


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०७९/०८/०८ गतेको जनकपुर टुडे दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट कर्जा लिने ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।


यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | धितोको विवरण |
|---|---|---|
| १. | **नाम : अलका पोल्ट्री फार्म**<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाम<br>प्रा.फ.र.नं. १०६११/५११/०७५/७६, दर्ता मिति : २०७५/०९/१९<br>पान नं. ६०९००४३४८, दर्ता मिति : २०७५/०९/१९<br>ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ५<br>**प्रोप्राइटर : श्याम कुमार राउत कुर्मी** | श्याम कुमार राउत कुर्मीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ घ स्थित कित्ता नं. ८३९ को क्षेत्रफल ०-०-११.५० तथा वडा नं. १ च स्थित कित्ता नं. १०५६ को क्षेत्रफल ०-०-८ भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |


**जमानतकर्ता**

**१. नाम : श्याम कुमार राउत कुर्मी**



ना.प्र.नं. ८११३६७८४, जि.प्र.का. धनुषा
जारी मिति : २०६२/०९/१९
बाबुको नाम : राम गुलाम राउत कुर्मी
बाजेको नाम : मन्सिफ राउत कुर्मी
ठेगाना : धनुषा जिल्ला, सखुवा महेन्द्रनगर वडा नं. १
हाल : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ५

**२. नाम : उषा कुमारी देवी**



ना.प्र.नं. १७-०१-७१-०३७५२, जि.प्र.का. धनुषा
जारी मिति : २०७१/०८/२८
पतिको नाम : श्याम कुमार राउत कुर्मी
ससुराको नाम : राम गुलाम राउत कुर्मी
ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ५

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# रौतहट ४ बाट माओवादीका भट्टराई विजयी

**ओम प्रकाश यादव**

रौतहट । रौतहटको मतपरिणाम सार्वजनिक हुन थालेको छ । सार्वजनिक भएको मतपरिणाम अनुसार रौतहट क्षेत्र न ४ (क) प्रदेशसभा सदस्यमा नेकपा माओवादी केन्द्रका युवराज भट्टराई (समीर) विजयी भएका छन ।



समिरले १५ हजार ३ सय ६८ मत प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्दी नेकपा एमालेका उम्मेदवार अखिलेश्वर चौधरीले १० हजार २ सय ८१ मत पाएका छन भने नेकपा एकीकृत समाजवादीका उम्मेदवार बालकृष्ण श्रेष्ठले ९ हजार ६ सय १९ प्राप्त गरेका छन ।

रौतहटको चारवटै निर्वाचन क्षेत्र र बांकी सातवटै प्रदेशसभाको मतगणना पनि अन्तिम चरणमा पुगेको छ । बिहीवार विहानदेखि ती क्षेत्रहरुको पनि अन्तिम मत परिणाम सार्वजनिक हुने जिल्ला निर्वाचन कार्यालय गौरले जनाएको छ ।

मतगणना कार्य अन्तिम चरणमा पुदै गर्दा को निर्वाचित हुने र को पराजित हुने भन्ने कुरा स्पष्ट हुन थालेको छ । जिल्लाको चारवटा निर्वाचन क्षेत्रमध्ये दुईमा सत्तारुढ गठबन्धन र दुईमा स्वतन्त्र उम्मेदवारको जित निश्चित बनेको छ ।

क्षेत्र नं १ मा सत्ता गठबन्धनका उम्मेदवार एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपाल जितको नजिक पुगेका छन भने क्षेत्र नं ४ मा अर्का सत्ता गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका देवप्रसाद तिमल्सिना पनि जितको नजिक पुगेका छन् ।

क्षेत्र नं २ मा स्वतन्त्र उम्मेदवार किरण साह र क्षेत्र नं ३ मा स्वतन्त्र उम्मेदवार प्रभु साहको जित निश्चित बनेको छ ।

त्यस्तै,क्षेत्र नं १ को प्रदेशसभा (क) मा नेपाली कांग्रेसका नागेन्द्र साह र (ख) मा नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्ण प्रसाद यादव जितको नजिक पुगेका छन भने क्षेत्र नं २ को (क) मा नेकपा एमालेका उम्मेदवार जैद राजा र (ख) मा सत्ता गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादीका कनिश पटेल जित्ने लगभग पक्का पक्की नै छ ।

क्षेत्र नं ३ को प्रदेशसभा (क) मा स्वतन्त्र उम्मेदवार केशव चौधरी र (ख) मा नेपाली कांग्रेसका जिल्ला सभापति सुनिल यादव भन्ने जितेन्द्रले जितको धेरै नजिक पुगिसकेका छन् ।

क्षेत्र नं ४ को प्रदेशसभा (ख) मा जनता समाजवादी पार्टीका शेख अब्बुल कलाम अजाद (फुलबाबु)ले जितको नजिकमा पुगेका छन् ।

क्षेत्र नं १ मा खसेको कुल मत मध्ये अब ६ हजार मत मात्र गणना हुन बाँकी रहेको अवस्थामा नेकपा एसका अध्यक्ष नेपालले ५ हजार ५ मतले अगाडि छन् ।

नेपालले २३ हजार १३८ मत ल्याउँदा उनका निकटतम् प्रतिद्वन्दी नेकपा एमालेका अजय गुप्ताले १८ हजार ३०१ मत ल्याएका छन् ।

एमालेका गुप्तालाई ६ हजार भन्दा बढी मतान्तरले पछाडि पारेका नेता नेपालको जित घोषणाका लागि औपचारिकता मात्र बांकी छ ।

त्यस्तै क्षेत्र नं ४ मा कांग्रेसका देवप्रसाद तिमल्सिनाले १८ हजार भन्दा बढी मत ल्याउँदै जितको नजिक पुगेका छन् । तिमल्सिनाले १८ हजार ४५ मत ल्याउँदा उनका निकटतम प्रतिद्वन्दीले १५ हजार ५०३ मत पाएका छन् ।

क्षेत्र नं २ मा स्वतन्त्र उम्मेदवार किरण साहले १२ हजार ८३२ मतसहित अग्रस्थानमा छन भने सत्तारुढ गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका डा. फिरदोस आलमले ११ हजार १५२ मत पाएका छन् । साहलाई आलमले कडा टक्कर दिरहेको भए पनि अन्त्यमा जित साहको नै हुने बताइएको छ ।

क्षेत्र नं ३ मा स्वतन्त्र उम्मेदवार प्रभु साह १३ हजार १४८ मत ल्याउँदै जित तर्फ अगाडि बढेका छन् । साहलाई कडा टक्कर दिरहेका स्वतन्त्र उम्मेदवार ओम प्रकाश जयसवाल १० हजार ८६४ मत पाएका छन् भने नेकपा माओवादी केन्द्रका धीरज पटेलले ४ हजार ४४२ मत पाएका छन् ।

क्षेत्र नं १ को प्रदेशसभा (क) मा नेपाली कांग्रेसका नागेन्द्र साहले ९ हजार २६६ मतसहित अग्रता कायम राखेका छन् भने उनलाई पछ्याइरहेका नेकपा एमालेका राजकिशोर यादवले ८ हजार २५ मत पाएका छन् ।

क्षेत्र नं १ को प्रदेशसभा (ख) मा सत्ता गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले १० हजार भन्दा बढी मत ल्याउँदै जितको नजिक पुगेका छन ।

कृष्णले १० हजार ३६३ मतसहित अग्रस्थानमा छन् भने स्वतन्त्र उम्मेदवार राजेशकुमार चौधरीले ९ हजार ३९४ मत ल्याएर उनलाई पछ्याइरहेका छन् ।

एमाले-जसपा गठबन्धनबाट जसपाका नेता एवं मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी राज्य मन्त्री योगेन्द्र यादवले कृष्ण र चौधरीभन्दा निकै पछाडि परेका छन् ।

क्षेत्र नं २ को प्रदेशसभा (क) मा नेकपा एमालेका उम्मेदवार जैद राजा र (ख) सत्ता गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादीका कनिश पटेलले अग्रता कायम राखेका छन् ।

क्षेत्र नं ३ को प्रदेशसभा (क) मा स्वतन्त्र उम्मेदवार केशव चौधरीले ७ हजार ९५५ मतसहित अग्रता लिएका छन् । एमाले-जसपा गठबन्धनबाट जनता समाजवादी पार्टी नेपालकी पूजा चौधरी ६ हजार ९२१ मत पाएकी छन भने सत्ता गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादीका नेता एवं मधेश प्रदेशका उद्योग वन पर्यटन तथा वातावरण राज्य मन्त्री नागेन्द्र यादवले ५ हजार ४४४ मत पाएका छन् ।

३ को प्रदेशसभा (ख) मा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका जिल्ला सभापति सुनिल यादव भनिने जितेन्द्रले ९ हजार ५१ मत प्राप्त गरी जितको नजिक पुगेका छन् ।

यादवले आफना निकटत्म प्रतिद्वन्दी स्वतन्त्र उम्मेदवार कुन्दन कुशवाहालाई ३ हजार भन्दा बढी मतले पछाडि पारेका छन् । उनी ९ हजार ५१ मत पाउँदा कुशवाहाले ५ हजार ९८४ मत पाएका छन् ।

४ को प्रदेशसभा (ख) मा स्वतन्त्र उम्मेदवार रवि जयसवाललाई पछि पार्दै जनता समाजवादी पार्टीका शेख अब्बुल कलाम अजाद (फुलबाबु) ले अग्रता लिएका छन् । एमाले-जसपा गठबन्धनका साझा उम्मेदवार जसपाका (फुलबाबु) ले ६ हजार ५९३ मतसहित अग्रस्थानमा छन ।

स्वतन्त्र उम्मेदवार संजय यादवले ३ हजार ५३४ मत पाएका छन भने स्वतन्त्र उम्मेदवार रवि जयसवालले ३ हजार ३७२ मत पाएका छन् ।

# लालबाबु राउतका क्याबिनेटका मन्त्री जित्दै

**संजीवकुमार झा**

जनकपुरधाम । भ्रष्टाचारको आरोप व्यापक खेपेका मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत क्याविनेटका अधिकांश मन्त्रीहरु जितको संघारमा छन् ।




साइकल वितरण, स्वच्छता अभियान लगायतका प्रदेश गौरवका योजनाहरुमा व्यापक अनियमितता गरेको आरोप खेपेका मुख्यमन्त्री राउत क्याबिनेटका अधिकांश मन्त्रीहरुको जितले जनतामा उनीहरु विरुद्ध प्रतिपक्षीहरुको भूमिका रहेको स्पष्ट हुन्छ ।

मुख्यमन्त्री राउत क्याबिनेटका मन्त्रीहरु तत्कालीन भौतिक पूर्वाधार मन्त्रीद्वय जितेन्द्र सोनल, रामसरोज यादव,पूर्व महिला बालबालिका युवा तथा खेलकुद वीरेन्द्र सिंह, वर्तमान गृह तथा सञ्चार मन्त्री भरत प्रसाद साह, सामाजिक विकास मन्त्री नवल किशोर साह, उद्योग पर्यटन तथा वन मन्त्री शत्रुधन महतो पूर्व वन पर्यटन तथा उद्योग राज्यमन्त्री सुरेश मण्डल, पूर्व सामाजिक विकास राज्य मन्त्री अभिराम शर्मा लगायतका मन्त्रीहरु मध्ये अधिकांश विजयी भएको घोषणा भइ सकेको छ भने बांकी अग्रस्थानमा रहेका छन् भने अन्य उम्मेदवारहरु तथा मन्त्रीहरु प्रतिस्पर्धामा देखिएका छन् ।

यो समाचार तयार पार्दा सम्म मुख्यमन्त्री लालवावु राउत पर्सा निर्वाचन क्षेत्र नम्वर १ को (ख) मा ७५४५ मत सहित विजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका रामनारायण प्रसाद कुर्मी ६२१२ मत ल्याउन सके । त्यस्तै बारा निर्वाचन क्षेत्र नम्वर ४ को (ख) बाट पूर्व भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनल ९१९१ मत सहित विजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्दी स्वतन्त्र उम्मेदवार उमेशकुमार कुशवाहा ५६६५ मत ल्याई दोस्रो र जसपाका आत्माराम प्रसाद साह ५३६७ मत ल्याएर तेस्रो स्थानमा रहेका छन् ।

त्यस्तै,धनुषा निर्वाचन क्षेत्र नम्वर ३ को (क)बाट पूर्व भौतिक पूर्वाधार मन्त्री राम सरोज यादव १३,७६७ मत ल्याई अग्रता कायम राखेका छन् भने मुख्यमन्त्री लालवावु राउतका स्वकीय सचिव तथा जसपाका युवा नेता जीतेन्द्र यादव १०,९७३ मत सहित दोस्रो र जनमतका प्रसन्नकुमार झा ५३६७ मत ल्याएर तेस्रो स्थानमा रहेका छन् ।

महोत्तरी निर्वाचन क्षेत्र नम्वर १ को (ख) बाट उम्मेदवारी दिएका गृह तथा सञ्चारमन्त्री साहले पनि अग्रता कायम राखेका छन् । उनी ४७८० मत ल्याएर अग्रता कायम राखेका छन् भने उनलाई जसपाका रामश्रेष्ठ महतो ३८२६ मत ल्याएर उनलाई पछ्याई रहेका छन् ।

सबै भन्दा बढी भ्रष्टाचारको आरोप खेपेका मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले पनि अग्रता कायम राखेका छन् । उनी प्रदेशका मन्त्री थिए तर यस पटक भने उनी सप्तरी निर्वाचन क्षेत्र नम्वर १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार छन् तर, अग्रता कायम राखेका छन् । उनी ५४८४ मत सहित अग्रता कायम राखेका छन् भने उनलाई जनमत पार्टीका जयकान्त राउत ४७७२ मत सहित पछ्याई रहेका छन् । राउत दोस्रो र नेपाली कांग्रेसका रामदेव साह तेली ४४०७ मत ल्याई तेस्रो स्थानामा रहेका छन् ।

सर्लाही निर्वाचन क्षेत्र नम्वर ४ को (क) बाट प्रदेशसभामा उम्मेदवारी दिएका पूर्व महिला बालबालिका युवा तथा खेलकुद मन्त्री वीरेन्द्र सिंह पनि अग्रता कायम राखेका छन् । उनी १०,४२६ मत सहित अग्र स्थानमा छन् भने उनलाई एमालेका रामबाबु राय ९२८४ मत सहित पछ्याई रहेका छन् ।

त्यस्तै,उद्योग पर्यटन तथा वन मन्त्री शत्रुधन महतोको निर्वाचन क्षेत्रमा अहिले सम्म मतगणना हुन नसकेपनि त्यहा उनको विजयी हुन सक्ने सम्भावना रहेको स्थानीयहरुको भनाइ छ ।

स्थानीयबासीहरु बताउँछन्-'मिथिला नगरपालिकाका पूर्व मेयर हरिनारायण महतो भन्दा शत्रुधनको छवि यस क्षेत्रमा राम्रो रहेको र महतो बाहुल्य क्षेत्रमा उनलाई टक्कर दिन सक्ने नेता अहिले छैन् ।'

त्यस्तै,सिरहा निर्वाचन क्षेत्र नम्वर ४ को (ख) वाट प्रदेश सभाकालागि उम्मेदवारी दिएका पूर्व वन पर्यटन तथा उद्योग राज्य सुरेश मण्डल २१८२ मत सहित अग्रता कायम राखेका छन् । उनलाई लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का उम्मेदवार रामबाबु यादव १६३२ मत सहित पछ्याइ रहेका छन् । महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३ को (क) बाट उम्मेदवारी दिएका पूर्व सामाजिक विकास राज्य मन्त्री अभिराम शर्मा पनि अग्रता कायम राखेका छन् । शर्मा ८४९९ मत सहित अग्रता कायम राखेका छन् भने जसपाका दीपेन्द्र झा ७९२६ मत सहित उनलाई पछ्याइ रहेका छन् ।

मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र साह र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विजय यादव तथा राज्य मन्त्री योगेन्द्र यादवको अवस्था कमजोर देखिएको छ ।

सिरहा निर्वाचन क्षेत्र नम्वर २ को (क)बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवारी दिएका विजयको क्षेत्रमा पाँच दलीय गठबन्धनका माओवादी केन्द्रका उम्मेदवार जिवछकुमार यादव ४५५८ मत सहित अग्रता कायम राखेका छन् भने जनमतका संजयकुमार यादव ४२५९ मत सहित दोस्रो र मन्त्री विजय यादवले ३९१७ मत सहित तेस्रो स्थानमा रहेका छन् ।

त्यस्तै अर्थमन्त्री शैलेन्द्र साह सप्तरी निर्वाचन क्षेत्र नम्वर २ को (क) बाट उम्मेदवार रहेकोमा जनमत पार्टीका सतिशकुमार सिंहले १६,७३४ मत प्राप्त गरी साहलाई पराजित गरेका छन् । साह मात्र ८,२९२ मत ल्याएर दोस्रो स्थान प्राप्त गरे भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सरोजकुमार मण्डल ६१३२ मत ल्याएर तेस्रो स्थान प्राप्त गर्न सफल भए ।

रौतहट निर्वाचन क्षेत्र नम्वर १ को (ख) बाट प्रदेश सभा सदस्यका लागि उम्मेदवारी दिएका भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र प्रसाद यादव ४३२७ मत सहित तेस्रो स्थानमा छन् भने नेपाली कांग्रेसका कृष्णप्रसाद यादव ९५४३ मत सहित अग्रस्थानमा रहेका छन् भने स्वतन्त्र उम्मेदवार राजेशकुमार चौधरी ८२३७ मत सहित तेस्रो स्थानमा रहेका छन् ।

# पूर्वमन्त्री कर्णको जमानत जफत



**टुडे समाचारदाता**

वीरगञ्ज । पूर्व भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री लक्ष्मणलाल कर्णको जमानत जफत भएको छ ।

प स ा क ा क्षेत्र नम्बर ४ का निवर्तमान प्रतिनिधिसभासदस्यसमेत रहेका कर्णको जमानत जफत भएको हो।

पाँच दलीय सत्ता गठबन्धनका उम्मेदवार रहे पनि उनको क्षेत्रमा कांग्रेसका विद्रोही उम्मेदवार अजय द्विवेदीतर्फ मत विभाजित भएपछि कर्णले आफ्नो जमानत गुमाएका छन् ।

कांग्रेसका नेता कार्यकर्ताहरुले खुला रुपमै बागी उम्मेदवार अजय कुमार द्विवेदीलाई समर्थन गरेता पनि मत भने आफ्नो पक्षमा पर्ने कर्णले दावी गर्दै आएका थिए । तर अन्तिम मत परिणाम उल्टीदा कर्णको उक्त दावी गलत सावित भएको छ। पर्सा क्षेत्र नम्बर १ मा नाम मात्रैको गठबन्धन रहेको नतिजाले स्पष्ट भएको छ।

# पूर्व मन्त्री यादव पुनः निर्वाचित

**टुडे समाचारदाता**

वीरगञ्ज । पूर्व वन तथा वातावरण मन्त्री प्रदीप यादव प्रतिनिधिसभा सदस्यमा पुनः निर्वाचित भएका छन् ।

पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार बनेका यादव आफ्नो निकटतम प्रतिद्वन्द्वीलाई १ हजार ६ सय २० मतले पराजित गर्दै दोस्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

दोस्रो कार्यकालका लागि निर्वाचित भएका यादवले पर्सा-१ मा २०४६ सालपछि दोहोरिएर निर्वाचित हुने उनि पहिलो सांसद् बनेका छन् ।

मतगणनाको अन्तिम परिणाम अनुसार यादवले २२ हजार ५ सय ३७ मत प्राप्त गरेका छन् । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार अजय कुमार द्विवेदीले २० हजार ९ सय १७ मत ल्याएका छन् ।

त्यस्तै, राप्रपाका किरण मान डंगोलले २ हजार ६ सय ५९ मत ल्याएका छन् भने पाँच दलीय गठबन्धनको साझा उम्मेदवार लोसपाका लक्ष्मणलाल कर्णको जमानत जफत भएको छ । कर्णले मात्र १ हजार १ सय १७ मत प्राप्त गरेका छन्।

द्विवेदी कांग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवार बनेका थिए । उनलाई नै सहयोग गर्न कांग्रेसले लक्ष्मणलाल कर्णसँग धोका गरेको कर्णको मतपरिणामले बताउँछ ।

यादव यसअघि २०७४ को निर्वाचनमा तत्कालीन संघीय समाजवादी फोरम नेपालबाट निर्वाचित भएका थिए। त्यसबेला उनले नेपाली कांग्रेसका अनिल रुङ्टालाई ४ हजार ६ सय ५१ मतले पराजित गरेका थिए । रुंगटाले १६ हजार ४ सय ८१ म्त ल्याउँदा यादव २१ हजार १ सय ३२ मत ल्याएर निर्वाचित भएका थिए ।

# आज फुलवारी लीला नगर दर्शन सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । सप्ताहव्यापी सीताराम विवाहपञ्चमी धुमधामका साथ बुधबारदेखि सुरु भएको छ ।

बुधबार नगर दर्शन सम्पन्न भएर बिहीबार (आज) फुलबारी लीला हुने भएका छन् ।

त्रेता युगमा भगवान् राम र आदर्श नारी सीताबीच भएको विवाह स्मरण गर्दै प्रत्येक वर्ष जनकपुरधामवासी सप्ताहव्यापी विवाहपञ्चमी महोत्सव मनाउँदै आएका छन् । विवाहपञ्चमीका लागि जानकी मन्दिर सजाइएको छ । रङ्गीचङ्गी फूल तथा विद्युतीय वत्ती पनि लगाइएको छ ।

विवाहपञ्चमीको पहिलो दिन नगरदर्शन सम्पन्न भइसकेको छ । दोस्रो दिन आज फूलबारी लीलाको कार्यक्रम रहेको छ ।

तेस्रो दिन धनुष यज्ञ, चौथो दिन मंसिर १० गते शनिबार तिलकोत्सव, मंसिर ११ गते आइतबार मटकोर र मंसिर १२ गते सोमबार सीताराम विवाह कार्यक्रम हुनेछ ।

सप्ताहव्यापी विवाह महोत्सवको अन्तिम दिन मंसिर १३ गते मंगलबार रामकलेवा गरी जन्ती बिदा गरेपछि विवाहपञ्चमी महोत्सव विधिवत् सम्पन्न हुनेछ ।

# रेल तीन पटक ओहोर-दोहोर गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम-जयनगर रेल सेवा तीन पटक ओहोर-दोहोर गर्ने भएका छन् ।

सीताराम विवाहपञ्चमी मेलालाई ध्यानमा राखी दिनको तीन पटक ओहोर-दोहोर गर्ने भएका छन् ।

मंसिर ११, १२ र १३ गते तीन पटक सेवा दिइने नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रवन्ध सञ्चालक निरञ्जन झाले जारी गरेको सूचनामा उल्लेख गरिएको छ।

तीर्थ यात्री तथा यात्रुको चाप बढी हुने भएकाले सेवा विस्तार गरिएको सूचनामा उल्लेख छ ।

कुर्थाबाट जनकपुरधाम हुँदै जयनगरको लागि विहान १०:४५, १:४० र ५:१५ मा जयनगरको लागि खुल्ने सूचनामार्फत जनाइएको छ । यस्तै, जयनगरबाट विहान ८:३०, १२:३० र ३ बजे जनकपुरधाम कुर्थाको लागि आउने छन्। सप्ताह व्यापी सीताराम विवाहपञ्चमी महोत्सवमा भारतबाट धेरै यात्रु जनकपुरधाम आउने गरेका छन् । रेल सेवा विस्तार भएपछि उनीहरुलाई सहज हुने देखिएको छ ।

# अण्डर-१९ मधेश टीम घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । बुधबारदेखि जारी अण्डर-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताको लागि मधेश प्रदेशको टीम घोषणा भएको छ ।

अभिषेक तिवारीको नेतृत्वमा १४ सदस्य टीम घोषणा भएका छन् ।

खेल तालिका अनुसार मंसिर १० गते मधेश प्रदेशले पहिलो खेल वागमती प्रदेशसँग खेल्ने छन् ।

टीममा मयनक यादव, इमरान शेख, डब्लु मल्लिक, मेघराज राम, सरग्रराज मन्सुरी, शैलेन्द्र साह, अकबर अलि, राजेश यादव, अभिजित मण्डल, नितेश कुमार यादव, साइमोन रोय, निकेश गुप्ता र रञ्जित कुमार छन् ।

चार जना खेलाडी वैकल्पिकमा पनि परेका छन् । वैकल्पिकमा रुपेश यादव, व्यास यादव, निरज यादव र अफरुदिन राइन रहेका छन् । टीम कोच जाहुर अन्सारी छन् भने सागर यादव टीम व्यवस्थापक छन् ।

पछिल्लो समय मधेशका युवा खेलाडीहरु राम्रो प्रदर्शन गरिरहेका छन् । यद्यपि उनीहरुलाई प्रशिक्षण र खेल मैदान अभावमा अभ्यास गरिरहेका छन् ।

# लुङ्गेली निवार्चित

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही क्षेत्र नं १ प्रदेशसभा (२) मा नेकपा (एकीकृत समाजवादी)की बेची लुङ्गेली प्रदेशसभा सदस्यमा विजयी भएकी छन् ।



उनले नेकपा एमालेकी शान्ति लामालाई फराकिलो मतान्तरले पराजित गर्दै दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित भएकी छन् ।

बिहीबार सार्वजनिक मतपरिणाम अनुसार लामालाई छ हजार छ सय ९९ मतान्तरले पराजित गरेकी लुङ्गेलीले १३ हजार छ सय ७६ मत पाएकी छन् । लामाले भने छ हजार नौ सय ७७ मत मात्र प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । त्यस्तै, स्वतन्त्रतर्फको जेब्रा चुनाव चिह्नबाट स्वतन्त्र उम्मेदवार राजनकुमार श्रेष्ठले पनि पाँच हजार नौ सय ४५ मत ल्याए । जिल्लाको निर्वाचन क्षेत्र नं १ को (२) बाट अघिल्लो निर्वाचनमा नेकपा एमालेबाट विजयी भएकी लुङ्गेली पार्टी विभाजन भएपछि नेकपा(एकीकृत समाजवादी) पार्टीमा लागेकी थिइन ।

# चरेस कारोबारी फरार

**टुडे समाचारदाता**

पर्सा । पर्साको वीरगञ्ज महानगरपालिका-३२ टेढा स्थित सडकमा प्रहरीलाई देखेपछि मोटरसाइकलमा आएका चरेश कारोबारी भागेका छन् ।

प्रहरी टोलीलाई देख्नासाथ ना.५२ प ६०५७ नम्बरको मोटरसाइकलमा सवार व्यक्तिले मोटरसाइकल छाडी फरार भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

प्रहरीले मोटरसाइकल सर्च गर्दा लागूऔषध चरेश २ केजी फेला पारेको छ । फरार व्यक्तिको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८